# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १३ | काठमाडौं | बुधबार, २३ वैशाख २०८३ | Prabhab National Daily | Wednesday, 6 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


वालेन्द्र सरकारको अध्यादेश मोह

# आठ वटा अध्यादेश जारी गरेपछि बोलाइयो संसद् अधिवेशन

## वैशाख २८ गते संघीय संसद्का दुवै सदनको अधिवेशन सुरू हुने



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैशाख ८ गते संघीय संसद्का दुवै सदनको अधिवेशन बोलाउन राष्ट्रपति रामचन्द्र पौडेललाई सिफारिस गरेको सरकारले दुई दिन नबित्दै वैशाख १० गते बजेट अधिवेशन स्थगित गर्न लगायो । वैशाख १७ गतेका लागि राष्ट्रपतिले बजेट अधिवेशन आह्वान गरिसकेका थिए ।

उक्त अधिवेशन स्थगित गरेको सरकारले वैशाख १४ गते मन्त्रिपरिषद् बैठक राखी आठ वटा अध्यादेश जारी गर्न राष्ट्रपति पौडेलसमक्ष पठायो । जसमध्ये सातवटा अध्यादेश राष्ट्रपतिले जारी गर्दा संवैधानिक परिषद्सम्बन्धी अध्यादेश भने पुनर्विचारका लागि सरकारलाई फिर्ता पठाएका थिए । तर सरकारले हुबहु फेरि जारी गर्न भन्दै सिफारिस गरेपछि मंगलबार उक्त अध्यादेश पनि जारी भएको छ ।

आफूले सिफारिस गरेका सबै अध्यादेश जारी भएसँगै सरकारले वैशाख २८ गते दिउँसो १ बजेका लागि संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेको छ । 'राष्ट्रपति रामचन्द्र पौडेलज्यूले नेपालको संविधान धारा ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०१/२२ को सिफारिसमा संवत् २०८३ साल वैशाख २९ गते सोमबारका दिन १:०० बजे संघीय संसद् भवन, सिंहदरबारमा संघीय संसद्का दुवै सदनको अधिवेशन आह्वान गर्नुभएको छ,' राष्ट्रपतिको कार्यालयले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

**कहिले कुन अध्यादेश जारी ?**

सरकारको सिफारिसमा यही वैशाख १७ गते सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी गरेका राष्ट्रपति रामचन्द्र पौडेलले सोही दिन सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ जारी गरे । वैशाख १८ गते सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश जारी गरियो । यसैगरी वैशाख १९ गते स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश र विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ जारी गरियो । वैशाख २० गते केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ र २२ गते बल्ल संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ राष्ट्रपति पौडेलले जारी गरे ।

क्रमशः पृष्ठ २ मा

### कहिले कुन अध्यादेश जारी ?

| | |
|---|---|
| वैशाख १७ | सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ |
| वैशाख १७ | सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ |
| वैशाख १८ | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३ |
| वैशाख १९ | स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८३, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश-२०८३, विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८३ |
| वैशाख २० | केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ |
| वैशाख २२ | संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ |

## संसद्लाई 'बाइपास' गर्ने सरकारको नियतमा प्रश्न

■ जेबी योञ्जन

**काठमाडौं–** सरकारले संसद् अधिवेशन स्थगित गरेर आठ वटा अध्यादेश ल्याएपछि पुनः संसद् बोलाउने निर्णय गरेको घटनाले संसदीय अभ्यासमाथि गम्भीर प्रश्न उठाएको छ । सरकारको यस्तो कदमलाई प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले त 'संसदीय प्रणालीमाथिको नांगो जालसाजी'को रूपमा टिप्पणी गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले यही वैशाख २८ गते संघीय संसद् अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । सिफारिसअनुसार राष्ट्रपतिले दुवै सदनको अधिवेशन बोलाएका छन् । तर, यसअघि सरकारले आफैंले सिफारिस गरेर बोलाएको अधिवेशन स्थगित गराएको र त्यसबीच अध्यादेशमार्फत महत्त्वपूर्ण कानुन परिवर्तन गरेको सन्दर्भले सरकारको नियतमाथि प्रश्न उठाएको हो ।

कानुनमन्त्री सोविता गौतमले संसदीय प्रक्रियाबाट विधेयक पारित गर्न समय लाग्ने भन्दै अध्यादेशको बाटो रोजेको दाबी गरेकी छन् । कांग्रेसले भने संसद्लाई 'बाइपास' गर्ने वालेन्द्र सरकारको नियोजित कदम भनेको छ । कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले प्रभावसँग भने, 'संसद्लाई जसरी बाइपास गरेर अध्यादेशहरू जारी गरियो र संसद् अधिवेशन बोलाइयो । यो कदम संसदीय प्रणालीमा शोभनीय होइन । यसको कांग्रेस सक्दो विरोध गर्दछ ।'

सरकारले संवैधानिक परिषद् (पहिलो संशोधन), केही नेपाल ऐन संशोधन, स्वास्थ्य विज्ञान प्रतिष्ठान, सार्वजनिक पदाधिकारी पदमुक्ति, विश्वविद्यालय, सम्पत्ति शुद्धीकरण, सार्वजनिक खरिद र सहकारीसम्बन्धी गरी आठवटा अध्यादेश ल्याएको हो । यी सबै राष्ट्रपतिबाट जारी भइसकेका छन् । विशेषतः संवैधानिक परिषद्सम्बन्धी अध्यादेशले शक्ति सन्तुलनमा प्रत्यक्ष असर पार्ने भएकाले यसलाई लिएर राजनीतिक वृत्तमा सबैभन्दा बढी विवाद उत्पन्न भएको छ ।



संसद्लाई जसरी बाइपास गरेर अध्यादेशहरू जारी गरियो र संसद् अधिवेशन बोलाइयो । यो कदम संसदीय प्रणालीमा शोभनीय होइन । यसको कांग्रेस सक्दो विरोध गर्दछ ।

■ **भीष्मराज आङ्देम्बे**
नेता, कांग्रेस संसदीय दल



संविधानले दिएको अधिकार प्रयोग गर्दै आवश्यक कानुनी सुधारका लागि अध्यादेश ल्याइएको हो । अब संसद्मा त्यसबारे विस्तृत छलफल हुने छ ।

■ **सस्मित पोखरेल**
सरकारका प्रवक्ता एवं शिक्षामन्त्री

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

वैदेशिक रोजगार ऐनमा संशोधन

# श्रमिकसँग बढी शुल्क लिने म्यानपावरको इजाजत खारेज हुने

■ ममता थापा

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकसँग तोकिएकोभन्दा बढी सेवा शुल्क लिने म्यानपावर कम्पनीको इजाजत खारेज गर्ने भएको छ । सरकारले हालै जारी गरेको केही नेपाल ऐन संशोधन गर्ने अध्यादेशमा वैदेशिक रोजगार ऐन, २०६४ लाई संशोधन गर्दै प्रवेशाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएमा इजाजत खारेज गर्नसक्ने व्यवस्था गरेको हो ।

राजपत्रमा प्रकाशित अध्यादेशमा वैदेशिक रोजगार ऐनको दफा ५३ मा संशोधन गरिएको छ, जसमा म्यानपावर कम्पनीले श्रमिकसँग बढी शुल्क लिए उक्त रकम श्रमिकलाई नै फिर्ता गर्नुपर्ने भनेको छ । साथै, श्रमिकको संख्याको आधारमा प्रतिश्रमिक ५० हजार रूपैयाँको दरले जरिवानासमेत तिर्नुपर्ने व्यवस्था गरिएको छ ।

'कुनै पनि इजाजतपत्रवाला संस्थाले निःशुल्क प्रवेशशाज्ञा प्राप्त भएकोमा सोबापतको शुल्क लिएमा वा तोकिएभन्दा बढी शुल्क वा खर्च लिएमा सो नलाग्ने वा बढी लिएको खर्च विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न लगाइ त्यस्तो इजाजतपत्रवालालाई त्यसरी वैदेशिक रोजगारीमा पठाएको पीडित कामदार संख्याको आधारमा जनही ५० हजार रूपैयाँका दरले हुन आउने रकम जरिवाना गरी इजातपत्र रद्द गर्न सक्ने छ,' संशोधित प्रावधानमा भनिएको छ ।

यसअघि ऐनको दफा ५३ मा भएको व्यवस्थाअनुसार म्यानपावरले निःशुल्क प्रवेशाज्ञा प्राप्त भएको अवस्थामा त्यसको शुल्क लिएमा या तोकिएभन्दा बढी अन्य शुल्कहरू लिएमा उक्त रकम श्रमिकलाई फिर्ता गर्नुपर्थ्यो । साथै, उक्त संस्थाले एक लाख रूपैयाँ जरिवाना पनि तिर्नुपर्ने व्यवस्था थियो । अहिलेको संशोधनअनुसार जति जना कामदारबाट बढी शुल्क लिएको छ त्यही संख्याअनुसार ५०-५० हजार रूपैयाँको दरले थप जरिवाना तिर्नुपर्ने छ । विगतको प्रावधानमा संस्थाको इजाजत खारेज गर्नेबारे कुनै व्यवस्था थिएन भने हाल संस्था खारेज गर्नेसम्मको सजाय तोकिएको छ । संस्थालाई जरिवाना लगाउने तथा खारेज गर्ने अधिकार वैदेशिक रोजगार विभागलाई हुने छ ।

नयाँ नियमअनुसार फ्रि-भिसाको मागपत्रमा कुनै पनि सेवा शुल्क लिन पाइने छैन । साथै, तोकिएकोभन्दा बढी शुल्क लिने म्यानपावर पनि कारबाहीमा पर्ने छन् । म्यानपावर व्यवसायीले भने विगतदेखि नै सेवा शुल्कको निर्धारण गरेरमात्र सेवा शुल्कसम्बन्धी प्रावधान कार्यान्वयन गर्नुपर्ने बताउँदै आएका छन् ।

क्रमशः पृष्ठ २ मा




१३. **वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन** : वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छ :

"५३. **प्रवेशाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्धन खर्च बढी लिएमा हुने सजाय** : कुनै इजाजतपत्रवालाले निःशुल्क प्रवेशाज्ञा प्राप्त भएकोमा सो बापतको शुल्क लिएमा वा तोकिएभन्दा बढी शुल्क वा खर्च लिएमा सो नलाग्ने वा बढी लिएको शुल्क वा खर्च विभागले सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न लगाई त्यस्तो इजाजतपत्रवालालाई त्यसरी वैदेशिक रोजगारमा पठाएको पीडित कामदार सङ्ख्याको आधारमा जनही पचास हजार रूपैयाँका दरले हुन आउने रकम जरीबाना गरी इजाजतपत्र रद्द गर्न सक्नेछ ।"



यस्तो निर्णयले व्यवसाय सञ्चालन गर्न सकिँदैन । १० हजार रूपैयाँमात्र लिएर श्रमिक पठाउन कसरी सकिन्छ त ? यो व्यावहारिक प्रावधान नै होइन । पहिला सेवा शुल्क निर्धारण हुनुपर्‍यो, त्यसपछि पो कडाइ गर्ने होला त !

■ **भुवनसिंह गुरुङ**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

कर्मचारी ट्रेड युनियन खारेज

# सबै ट्रेड युनियन कार्यालय बन्द गर्न निर्देशन

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा सबै मन्त्रालय, विभाग, आयोग, सचिवालय र निकायहरूलाई परिपत्र जारी
- सबै ट्रेड युनियन कार्यालय बन्द गरेर कार्यालय भवन, सवारी साधनलगायत सरकारी सम्पत्ति फिर्ता गर्न निर्देशन
- ट्रेड युनियनमा आबद्ध कर्मचारीहरूलाई तोकिएको जिम्मेवारीमा खटाउन आग्रह




■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले निजामती कर्मचारीसँग सम्बन्धित ट्रेड युनियनका कार्यालयहरू बन्द गर्ने भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मंगलबार सबै मन्त्रालय, विभाग, आयोग, सचिवालय र निकायहरूलाई परिपत्र जारी गर्दै सबै ट्रेड युनियन कार्यालयहरू बन्द गरी कार्यालय भवनलगायत सरकारी सम्पत्ति फिर्ता लिन निर्देशन दिएको हो ।

हालै केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ जारी गर्दै निजामती सेवा ऐन, २०४९ को दफा ५३ मा रहेको ट्रेड युनियनसम्बन्धी व्यवस्था खारेज गरेको थियो । यससँगै मन्त्रालयले सचिवस्तरीय निर्णय गरेर ट्रेड युनियनका कार्यालयहरू बन्द गर्न निर्देशन जारी गरेको हो । ट्रेड युनियनका कार्यालय हटाएपछि त्यहाँ कार्यरत कर्मचारीहरूलाई तोकिएको दरबन्दीमा खटाउन पनि आग्रह गरिएको छ ।

मन्त्रालयसहित विभिन्न निकायमा गरिएको पत्राचारमा भनिएको छ, 'तहाँ तथा अन्तर्गतका निकायहरूमा रहेका निजामती कर्मचारीसँग सम्बन्धित ट्रेड युनियनका विभागीय तथा अन्य समितिका कार्यालयहरू बन्द गरी उक्त समिति र समितिमा आबद्ध रहेका कर्मचारीहरूले ट्रेड युनियनको प्रयोजनका लागि कार्यालय भवन, कार्यकक्ष, सवारी साधनलगायतका अन्य सेवा सुविधा तथा सरकारी सम्पत्ति उपयोग गरेको भए सम्बन्धित कार्यालयले फिर्ता लिई ट्रेड युनियनका विभिन्नस्तरका समितिमा आबद्ध भएका कर्मचारीहरूलाई तोकिएको दरबन्दीअनुसारको कार्य जिम्मेवारीमा खटाउने व्यवस्था मिलाउनू ।'

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

# आठ वटा अध्यादेश...

## अध्यादेशमार्फत गरिएको कानुनी परिवर्तन

**संवैधानिक परिषद्मा तीन जना भए बहुमत**

संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी भएसँगै अब गणपूरक संख्या हेरफेर भएको छ। छ सदस्यीय संवैधानिक परिषद्को बैठक बस्न गणपूरक संख्या चार भए पुग्ने छ। अध्यादेशको दफा ६ को उपदफा (४) मा संवैधानिक परिषद्को बैठकमा अध्यक्ष र कम्तीमा तीनजना सदस्यहरू गरी कम्तीमा चारजना उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या मानिने व्यवस्था हो।

संवैधानिक परिषद्मा रहने छ जना सदस्यमध्ये चारजनाको उपस्थितिले कूल सदस्यको बहुमत भई गणपूरक संख्या पूरा हुने भनिएको छ। संवैधानिक परिषद्का अध्यक्ष र कम्तीमा तीनजना सदस्य उपस्थित भएको बैठकमा अध्यक्ष र दुईजना सदस्य गरी कम्तीमा तीन जनाको निर्णय परिषद्को निर्णय मानिने व्यवस्था अध्यादेशको दफा ६ को उपदफा (५) को स्पष्टीकरणको खण्ड (ग) मा छ।

गणपूरक संख्याको आधारमा संवैधानिक परिषद्को बैठक बसेको बैठकमासमेत सर्वसम्मत हुन नसके बहुमतबाट निर्णय गर्न सक्ने व्यवस्था छ। संवैधानिक निकायका प्रमुख र पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्न प्रधानमन्त्री अध्यक्ष रहने छ सदस्यीय संवैधानिक परिषद् सर्वोच्च संवैधानिक निकाय हो। परिषद्को सदस्यहरूमा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपसभामुख र प्रमुख प्रतिपक्षी दलको नेता रहन्छन्।

संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी भएसँगै प्रधानन्यायाधीशदेखि खाली भएका अन्य संवैधानिक पदाधिकारी नियुक्तिको बाटो खुलेको छ। निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तको पद रिक्त छ। त्यसैगरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा अध्यक्षको पद रिक्त छ भने एकजनाबाहेक अरु सदस्य छैनन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा एक सदस्य पद रिक्त छ। समावेशी आयोगमा पनि अध्यक्ष र अर्का एक सदस्यको पद रिक्त छ। महिला आयोगमा पनि एक पद रिक्त छ। मुस्लिम आयोग, थारू आयोगमा पनि अध्यक्ष र सदस्य पद रिक्त रहेको छ।

**बचतकर्ताको फसेको रकम फर्काउन सहकारी ऐनमा फेरबदल**

अध्यादेशमार्फत सहकारी ऐन संशोधन गरेर त्यसलाई कार्यान्वयनमा ल्याएको छ। यस क्रममा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई सरकारले २५ करोड रूपैयाँ सापट दिएको छ। यद्यपि, समस्याग्रस्त २० वटा सहकारीमा ७५ हजार ८१५ जना बचतकर्ताको दुई अर्ब ३० करोड रूपैयाँ फसेको छ।

वैशाख १७ गते राजपत्रमा प्रकाशित अध्यादेशमा साविक ऐनमा दफा १०८ ख थप गरेर 'चक्रीय राहत कोष'को स्थापना गर्ने भनिएको छ। यो कोषमा नेपाल सरकारबाट प्राप्त रकम, सम्बिन्धत समस्याग्रस्त सहकारीबाट बचत फिर्ता भएको रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने व्यवस्था अध्यादेशले गरेको छ। व्यवस्थापन समितिले 'चक्रीय राहत कोष'का लागि 'क' वर्गको वाणिज्य बैंकमा छुट्टै खाता खोल्नुपर्ने अध्यादेशमा व्यवस्था छ। साथै सरकारले दिने रकमको बेग्लै हिसाब-किताव गर्नुपर्ने व्यवस्थासमेत गरिएको छ।

समितिले २३ वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरेकोमा तीनवटा सहकारीको समस्या समाधान भइसकेको छ। अब बाँकी २० वटा सहकारीहरू समस्याग्रस्त सूचीमा रहेका छन्। ती २० वटा समस्याग्रस्त सहकारीमा ७५ हजार ८१५ जना बचतकर्ताको रकम फसेको छ।

**टेण्डर प्रक्रियाको समय छोटचाइयो, पत्रिकामा विज्ञापन दिनु नपर्ने**

सरकारले सार्वजनिक खरिद अध्यादेशमार्फत सार्वजनिक खरिद ऐन संशोधन गरेको छ। संशोधनमा सरकारले ठेक्का प्रक्रियालाई संशोधन गरेर छोटचाएको छ। संशोधित खरिद कानुनअनुसार अब अन्तर्राष्ट्रिय बोलपत्र (टेण्डर) आह्वान गर्ने समयावधि ४५ दिनबाट घटाएर ३० दिनमा ल्याइएको छ।

यस्तै राष्ट्रियस्तरको बोलपत्रको म्याद ३० दिनबाट २१ दिनमा झारिएको छ। शिलबन्दी दरभाउपत्र न्यूनतम १५ दिनको रहेकोमा अब सात दिन बनाइएको छ। यसैगरी अबदेखि सरकारले निर्माण तथा कार्यलयहरूका आवश्यक पर्ने रेडिमेड सामग्रीको खरिद गर्न बोलपत्र आह्वान गर्नु नपर्ने बनाएको छ। उक्त अवधारणामा सरकारले आफ्नै सरकारी ई-मार्केटप्लेस हुने छ। यही मार्केट प्लेसमा आबद्ध भएका कम्पनीहरूबाट सबैभन्दा कम मूल्य राखिएका सामग्रीहरू सिधै खरिद गर्न सक्ने छन्।

यसका लागि सार्वजनिक खरिद अनुगमन कार्यालय सरकारी ई-मार्केटप्लेस तयार पार्ने छ। त्यसमा प्रकाशित मालसामान तथा सेवा तोकिएबमोजिमको रकमसम्म सोझै खरिद गर्न सकिने छ। यसअघि सार्वजनिक खरिद ऐन, २०६३ मा रहेको बोलपत्र आह्वान गर्दा अनिवार्यरूपमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना छाप्नुपर्ने प्रावधानलाई संशोधन गर्दै अब विद्युतीय खरिद प्रणाली प्रयोग गर्दा पत्रिकामा सूचना निकाल्नु नपर्ने व्यवस्था गरिएको हो।

मूल ऐनको दफा १४ को उपदफा (१) मा बोलपत्र वा पूर्वयोग्यता निर्धारणको सूचना राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने अनिवार्य व्यवस्था थियो। तर नयाँ अध्यादेशको दफा ७ (१) ले उक्त उपदफाको अन्त्यमा एक प्रतिबन्धात्मक वाक्यांश थप गर्दै भनेको छ- 'तर विद्युतीय खरिद प्रणालीमार्फत बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय खरिद प्रणालीबाहेक अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन।'

**सम्पत्ति शुद्धीकरण विभाग शक्तिशाली**

सरकारले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ लाई संशोधन गर्न जारी गरेको अध्यादेशमार्फत मनी लाउण्डरिङसँग सम्बन्धित कसुर, अनुसन्धान तथा अभियोजन प्रक्रियासम्बन्धी प्रावधानहरू परिमार्जन गरेको छ। अध्यादेशले विद्यमान ऐनका विभिन्न दफामा संशोधन गर्दै गैरकानुनी सम्पत्ति आर्जन, वित्तीय अपराध तथा अन्तरदेशीय आर्थिक कारोबारसँग जोडिएका विषयमा अनुसन्धानको दायरा स्पष्ट पार्ने व्यवस्था गरेको छ।

अध्यादेशमा पहिलेको सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ का मुख्य तीन वटा दफाहरूमा महत्त्वपूर्ण संशोधन तथा थपघट गरिएको छ। कर छली र सेयरबजारको बदमासीमा सिधै अनुसन्धान पहिले कुन प्रकृतिको मुद्दा कसले हेर्ने भन्नेमा केही अलमल थियो।

तर, अब कानुनमै स्पष्ट लेखिएको छ कि- भन्सार छली (तस्करी), कर छली, सेयर बजारमा हुने 'इन्साइडर ट्रेडिङ' (भित्री सूचनाका आधारमा गरिने सेयर कारोबार) तथा बैंकिङ र बिमा क्षेत्रको ठगीबाट कमाएको कालो धनको सूचना सिधै 'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग'मा दिनुपर्नेछ र यसको अनुसन्धान विभागले नै गर्नेछ।

**विश्वविद्यालयका पदाधिकारी हटाउन सक्ने**

विश्वविद्यालय क्षेत्रबाट ठूलो संख्यामा पदाधिकारी हटाउने उद्देश्यसहित यो अध्यादेश ल्याएको हो। शिक्षा ऐन, २०२८ अन्तर्गतका विभिन्न समिति र शिक्षक सेवा आयोगका अध्यक्ष तथा सदस्य गरी २३ जना पदमुक्त भएका छन्। नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित २८ जना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ अन्तर्गतका १७ जना पदाधिकारीको पद रिक्त हुने भएको छ।

त्यसैगरी राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अन्तर्गत नियुक्त ३४ जना पदाधिकारी पदमुक्त हुने भएका छन्। काठमाडौं विश्वविद्यालय ऐन, २०४८ बमोजिम नियुक्त उपकुलपति र सचिवलगायत २५ जना तथा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित ८४ पदाधिकारी पदमुक्त हुने छन्। विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी आठजना तथा पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० अन्तर्गत नियुक्त उपकुलपति र कुलसचिवलगायत ६९ पदाधिकारी पदमुक्त हुने छन्।

यसैगरी पोखरा विश्वविद्यालय ऐन, २०५३ बमोजिम नियुक्त उपकुलपति र शैक्षिक प्रमुखसहित ५० जना तथा लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ बमोजिम नियुक्त उपकुलपति र सचिवलगायत ४४ जना पदमुक्त हुँदै छन्।

सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त भएका २७ जना र मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ बमोजिम नियुक्त २६ जना पदाधिकारीको पद रिक्त भएको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त २२ जना, नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ बमोजिम नियुक्त २४ जना, राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४ अन्तर्गत नियुक्त ३९ जना र मदन भण्डारी विश्वविद्यालय ऐन, २०७९ बमोजिम नियुक्त २४ पदाधिकारी पनि पदमुक्त भएका छन्।

**१५९४ सार्वजनिक पदाधिकारीको पदमुक्ति**

राजनीतिक नियुक्ति लिएका पदाधिकारी पदमुक्त गर्न यो अध्यादेश ल्याएको हो। सरकारले 'सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' कूल एक हजार ५९४ राजनीतिक नियुक्ति खारेज भएको छ। सञ्चार, हवाई सेवा र मुद्रण क्षेत्र, चिकित्सा क्षेत्र, ऊर्जा, पूर्वाधार, वित्तीय र नियमनकारी निकाय, कृषि, वातावरण, प्रज्ञा प्रतिष्ठान र सामाजिक क्षेत्र, प्रशासनिक तथा सामाजिक क्षेत्रतर्फका ती नियुक्ति खारेजका लागि केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ मार्फत ११० वटा ऐन संशोधन गरेको छ।

■■■

# संसद्लाई 'बाइपास'...

राष्ट्रपतिले प्रारम्भमा उक्त अध्यादेश फिर्ता पठाए पनि मन्त्रिपरिषद्ले पुनः जस्ताको तस्तै सिफारिस गरेपछि अन्ततः जारी भएको हो। यसप्रति कांग्रेस सभापति गगनकुमार थापाको सभापतित्वमा मंगलबार बसेको कांग्रेसको संसद् समन्वय बोर्ड बैठकले सरकारको कदमप्रति कडा आपत्ति जनाएको छ। कांग्रेसले यसलाई प्रक्रियागत त्रुटि नभई नियोजित रूपमा विधायिकी अधिकार कमजोर पार्ने प्रयासका रूपमा व्याख्या गरेको छ।

विज्ञप्तिमार्फत कांग्रेसले संसद्लाई निष्क्रिय बनाएर कार्यपालिका सशक्त बनाउने प्रवृत्ति लोकतान्त्रिक मूल्यमान्यताविपरीत हो। 'राजनीतिक स्वार्थपूर्तिका लागि संसद् अधिवेशन अन्त्य गर्ने र त्यसको लगत्तै दर्जनौं कानुनका सारभूत विषयमा अध्यादेश जारी गर्ने प्रवृत्तिले विधिको शासनको खिल्ली उडाएको छ,' विज्ञप्तिमा छ।

सरकारका प्रवक्तासमेत रहेका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीहरूसँग अध्यादेश ल्याउन पाउने सरकारको अधिकार भएको बताए। उनले भने, 'संविधानले दिएको अधिकार प्रयोग गर्दै आवश्यक कानुनी सुधारका लागि अध्यादेश ल्याइएको हो। अब संसद्मा त्यसबारे विस्तृत छलफल हुने छ।'

संसदीय इतिहासमा अध्यादेशमार्फत शासन सञ्चालन पहिलोपटक भने होइन। पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली, शेरबहादुर देउवालगायत प्रधानमन्त्री हुँदा पनि अध्यादेश जारी भएको थियो। तर, यसपटकको घटनाक्रममा संसद् बोलाउने, स्थगित गर्ने, अध्यादेश ल्याउने, फेरि संसद् बोलाउने कार्यले यसलाई असामान्य बनाएको हो। अबको संसद् बैठकलाई अध्यादेशका कारण सिर्जित विवादले सरकार र प्रतिपक्षीबीच टकरावको स्थिति निम्तिने देखिएको छ।

नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति र राष्ट्रिय प्रजातन्त्र पार्टीले वालेन्द्र सरकारको यस्तो कदमको विरोध गर्दै आएका छन्। संसद् छलेर अध्यादेशको ओइरो लगाउने र जारी भएपछि संसद् बैठक बोलाउने संसदीय प्रणालीको मान्यताविपरीत भएको भन्दै आपत्ति जनाउँदै आएका छन्।

यस्तोमा यदि सरकारले अध्यादेशलाई जस्ताको तस्तै पारित गराउने प्रयास गर्‍यो भने संसद्मा गतिरोध सिर्जना हुन सक्ने आकलन भइरहेको छ। यद्यपि, प्रतिपक्षले कडा विरोध जनाए पनि संख्यात्मक रूपमा कमजोर भएमा प्रभावकारी दबाब सिर्जना गर्न कठिन हुन सक्छ।

**विपक्षी दलहरूको बैठक बस्दै**

सरकारले संसद् अधिवेशन बोलाएपछि प्रमुख विपक्षी दल नेपाली कांग्रेसले विपक्षी दलहरूको बैठक बोलाएको छ। कांग्रेस संसदीय दलका नेता आङ्देम्बले बुधबार (आज) बिहान ११ बजेका लागि सिंहदरबारस्थित दलको कार्यालयमा बैठक बोलाएका हुन्। तर, यो बैठकलाई 'अनौपचारिक' भनिएको छ। स्रोतका अनुसार अध्यादेश, सुकुमबासीलगायत विभिन्न मामिलामा साझा धारणा बनाउने र सोहीअनुसार सत्तापक्षमाथि हाबी हुने रणनीति बैठकमा बनाउने छ। बैठकमा कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राप्रपाका संसदीय दलका नेता, प्रमुख सचेतक, सचेतक वा सदस्य सहभागी हुने छन्।

**कांग्रेस संसदीय दलको बैठक पनि आजै**

आजै नेपाली कांग्रेस संसदीय दलको बैठक बस्दै छ। दिउँसो १ बजे पार्टी संसदीय दलको कार्यालयमा बैठक बस्ने भएको हो। बैठकमा आगामी संसद् बैठकमा उठाउने एजेण्डाहरूबारे छलफल हुने र संसद्मा प्रभावकारी ढंगले कसरी प्रस्तुत हुने भन्नेबारे छलफल हुने बताइएको छ।

■■■

# श्रमिकसँग बढी...

वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थाले यस विषयमा सरकारका निकायसँग छलफल तीव्र पारेका छन्। यस्तो निर्णयले व्यवसाय चल्न नसक्ने भएकाले यो प्रावधान कार्यान्वयनमा नआउने संघका अध्यक्ष भुवनसिंह गुरुङले बताए। 'यस्तो निर्णयले व्यवसाय सञ्चालन गर्न सकिँदैन। १० हजार रूपैयाँमात्र लिएर श्रमिक पठाउन कसरी सकिन्छ त ?,' गुरुङ भन्छन्, 'यो व्यावहारिक प्रावधान नै होइन। पहिला सेवा शुल्क निर्धारण हुनुपर्‍यो, त्यसपछि पो कडाइ गर्ने होला त।'

हाल रोजगारीमा जाने श्रमिकलाई म्यानपावर कम्पनीले लिने शुल्कमा एकरूपता छैन। 'फ्रि भिसा, फ्रि-टिकट' भनिएका मागपत्रमासमेत विभिन्न बहानामा तीन लाख रूपैयाँसम्म सेवा मागेको श्रमिकहरूको गुनासो छ। व्यवसायीका अनुसार हाल पाँचदेखि छ प्रतिशत श्रमिकमात्र फ्रि भिसामा रोजगारीमा गइरहेका छन्। अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तथ्यांकअनुसार नेपालबाट आठ लाख ३९ हजारभन्दा बढी नेपाली रोजगारीमा लागि विदेसिएका छन्। जसमध्ये तीन लाख ४४ हजार ६२८ जना संस्थागत माध्यमबाट खाडीका छ वटा मुलुक र मलेसिया गएको तथ्यांक छ।

व्यवसायीको भनाइलाई आधार मान्दा आव २०८१/८२ मा १७ हजार २३१ जनादेखि २० हजार ६७७ जनाको हाराहारीमा फ्रि-भिसामा गएको देखिन्छ। बाँकी श्रमिक म्यापावरलाई लाखौं तिरेर गइरहेका छन्। रोजगारीमा जाने श्रमिकको १२-१३ वटा शीर्षकमा लाग्ने खर्च अनिवार्य भएकाले १० हजार रूपैयाँमामात्र पठाउन नसकिने व्यवसायीहरूले बताउँदै आएका छन्।

■■■

# सबै ट्रेड...

मन्त्रालयले ट्रेड युनियन गतिविधिका कारण सरकारी कामकाज प्रभावित हुन नदिन कडाइका साथ निर्देशन कार्यान्वयन गर्नसमेत भनेको छ। कर्मचारीतन्त्रमा अति राजनीतिकरण भएको भन्दै विगतदेखि नै प्रश्न उठ्दै आएको थियो।

मंगलबार बिहानमात्रै प्रधानमन्त्री वालेन्द्र शाहले कर्मचारीतन्त्र राजनीतिकरणले बिग्रेको भन्दै सुधारको कदम चाल्न अध्यादेश ल्याएको दाबी गरेका थिए। उनले कर्मचारीतन्त्रलाई दलगत संक्रमणबाट मुक्त गर्ने प्रयास भएको बताएका छन्। 'कर्मचारीले विधि खोजून्, नेताको छहारी होइन। कर्मचारीले जनताको सेवा सिकून्, कुनै दलको होइन,' प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमार्फत भनेका छन्, 'यो कुनै पार्टीविरुद्धको लडाइँ होइन। यो प्रणाली बचाउने प्रयास हो। यो भविष्य बचाउने प्रयास हो। यो देशलाई दलगत कब्जाबाट निकालेर संस्थागत मार्गमा ल्याउने प्रयास हो।' हो।

मंगलबार नै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारीहरू आबद्ध हुँदै आएको आधिकारिक ट्रेड युनियनका सबै कार्यालयहरू बन्द गराउन मन्त्रालय, विभाग, आयोग, निकायहरूमा पत्राचार भएको हो।

# 'काठमाडौं स्कुल पार्टनरसिप' कार्यक्रम सुरू गर्दै कामपा

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले 'सामुदायिक र संस्थागत विद्यालयबीच सिकाइ र क्षमता आदानप्रदान गर्न 'काठमाडौं स्कुल पार्टनरसिप कार्यक्रम' सञ्चालन गर्ने भएको छ। काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले यस शैक्षिक सत्रबाट सामुदायिक र संस्थागत विद्यालयकाबीचमा सम्बन्ध विकास गरेर आपसी सिकाइ र क्षमता आदानप्रदान गर्न उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको बताइन्।

शिक्षा विभागले सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, स्रोत शिक्षक र महिला शिक्षकका लागि आयोजना गरेको 'विद्यालयको शैक्षिक, भौतिक र व्यवस्थापकीय सुधार' विषयक अभिमुखीकरण कार्यक्रममा उपप्रमुख डंगोलले शैक्षिक सुधारलाई विशेष प्राथमिकता दिइने बताइन्।

'हामीले शिक्षामा लगानी बढाएका छौं। यो लगानी दक्ष जनशक्ति निर्माणका लागि हो। प्रतिफल तत्काल नदेखिन सक्छ। तर, प्राप्त उपलब्धि दिगो हुनुपर्छ,' उनले भनिन्, 'विद्यालयबाट माग भएका विषयप्रति हामी सकारात्मक छौं। तर सबैभन्दा पहिले, उपलब्ध भौतिक पूर्वाधार, स्रोत, साधन र जनशक्तिको उच्चतम उपयोग भएका सुनिश्चित हुनुपर्छ।'


## साउदीमा रोजगार

कम्पनी : MIRRORS GLASS FACTORY COMPANY.

पूर्व स्वीकृति मिति : २०८३/०१/२० LT. No. 341390 चलानी नं. ६०२५४८१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | 1400 | ५६,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. ३७३७११/०८२/०८३

Globe Asia Air International Overseas Pvt. Ltd
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9828880985
E-mail: info@globeasiaoverseas.com.np

## साउदीमा रोजगार

कम्पनी : AL BAREZAH COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८२/१०/२० पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२२ LT. No. 338268 चलानी नं. ६०२५१७२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 14 | 0 | 1000 | ३९,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ISSA AL-ADWANI TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ LT. No. 341470 चलानी नं. ६०२५४८६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ७२,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75


## दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

**प्रकाशित मितिः- २०८३/०१/२३**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Appolo Overseas Services Pvt. Ltd.** (ई.प.न. **586/062/63**) को संचालक र शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०१/२२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| साविकका शेयरधनीहरूको नाम र शेयर संख्या | अब कायम हुने शेयरधनीहरूको नाम र शेयर संख्या |
|---|---|
| १. प्रदिप कुँवर - ५००० कित्ता | १. बिरेन्द्र कुमार नेगी - ५००० कित्ता |
| २. सुमन अधिकारी - ५००० कित्ता | २. सुमन अधिकारी - ५००० कित्ता |
| ३. गणेश वहादुर थापा - ५००० कित्ता | ३. प्रदिप कुँवर - ५००० कित्ता |

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १२ वैशाख २२ गते २०८३ मा प्रकाशित **Ozone Overseas Service Pvt Ltd** को Lot No. 341373 को Grow Together Co. Ltd कम्पनीको विज्ञापनमा साउदीमा रोजगार हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com

## बिमालेख हराएको सूचना

मिति २०८३/०१/१७ गते, कलंकी देखि बालाजुसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।

**नाम : लक्ष्मी श्रेष्ट**
**बिमालेख नं : १००१०५७४६**
**ठेगाना : बुढाथुम-८, धादिङ्ग**
**कम्पनी: एल.आई.सि (नेपाल) लि.**
**सम्पर्क नं : ९८४१२१८२५५**

## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७९/०२/१० गते **माउन्टेन मोडर्न इन्भेष्टमेन्ट** (प्रा.लि.) को नामबाट दर्ता भएको प्रा.लि.नं. २९०९९२ कम्पनीको मिति २०८३/०१/२२ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुंदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क : ९८५११६३७२३

## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, २३ वैशाख, २०८३

| | |
|---|---|
| **मेष** | परिवारबाट सहयोग मिल्नेछ। मन शान्त र सकारात्मक रहनेछ। |
| **वृष** | मन खुसी रहनेछ। प्रेम र सम्बन्धमा सुधार आउनेछ। |
| **मिथुन** | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ। नयाँ योजना अघि बढ्नेछ। |
| **कर्कट** | चुनौती आए पनि पार गर्न सकिनेछ। आत्मविश्वास बढ्नेछ। |
| **सिंह** | सोचेर अघि बढ्नु राम्रो हुनेछ। अनावश्यक खर्चबाट बच्नुहोस्। |
| **कन्या** | मेहनतको राम्रो फल मिल्नेछ। आर्थिक लाभ हुन सक्छ। |
| **तुला** | सानो गल्तीले तनाव दिन सक्छ। सोचेर मात्र निर्णय गर्नुहोस्। |
| **वृश्चिक** | काममा व्यस्तता बढ्नेछ। तर उपलब्धि पनि राम्रो हुनेछ। |
| **धनु** | यात्राको सम्भावना देखिन्छ। नयाँ अनुभवले फाइदा दिनेछ। |
| **मकर** | नेतृत्व क्षमताले सफलता दिलाउनेछ। सम्मान प्राप्त हुने दिन छ। |
| **कुम्भ** | काममा सफलता मिल्नेछ। नयाँ अवसरले उत्साह बढाउनेछ। |
| **मीन** | आर्थिक पक्ष सुधार हुने संकेत छ। धैर्यले राम्रो नतिजा दिनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५,४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| | ४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |

# संविधान संशोधन कार्यदलद्वारा पूर्वराष्ट्रसेवकहरूसँग छलफल

■ प्रभाव संवाददाता



**काठमाडौं–** संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले मंगलबार संवैधानिक निकायका पूर्वप्रमुख, पूर्वमुख्यसचिव, परराष्ट्रविद् तथा पूर्वप्रशासकहरूसँग छलफल गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा करिब तीन घण्टा चलेको उक्त परामर्शमा शासकीय स्वरूपदेखि संघीय संरचना, निर्वाचन प्रणाली र संवैधानिक निकायलगायतका विषयमा गहन बहस भएको थियो ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले संविधान संशोधनलाई राष्ट्रिय सहमतिमा अघि बढाउने स्पष्ट पारेको छ । संयोजक शाहले संविधान संशोधन जनअपेक्षा र वर्तमान आवश्यकता दुवै भएको उल्लेख गर्दै यसलाई दीर्घकालीन प्रभाव पार्ने संवेदनशील विषयका रूपमा सावधानीपूर्वक अघि बढाइने बताए ।

छलफलमा सहभागी विज्ञहरूले शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीयता, प्रदेश तथा स्थानीय तहको अधिकार, स्वतन्त्र न्यायपालिका र संवैधानिक निकायको संरचनामा सुधारका विभिन्न सुझाव दिए । सो छलफलमा पूर्वप्रशासक एवं विज्ञहरू विमल कोइराला, उमेश मैनाली, टंकमणि शर्मा दंगाल, मधुरमण आचार्य, मानबहादुर विक, यमकुमारी खतिवडा, भानु आचार्य, सोमलाल सुवेदी, जयराज आचार्य, कृष्णहरि बास्कोटा, गणेश जोशीलगायतले आ-आफ्नो राय-सुझाव प्रस्तुत गरे ।

पूर्वमुख्यसचिव विमल कोइरालाले प्रत्यक्ष निर्वाचन प्रणालीसँगै समानुपातिक प्रतिनिधित्व अनिवार्य बनाउनुपर्ने, राष्ट्रिय सभाको सदस्य संख्या घटाउनुपर्ने र उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको अध्यक्ष बनाउने व्यवस्था गर्नुपर्ने सुझाव प्रस्तुत गरे । उनले संघ, प्रदेश र स्थानीय तहबीचका बाझिएका अधिकार स्पष्ट पार्दै स्थानीय तहलाई थप अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिए ।

अर्का पूर्वराष्ट्रसेवक उमेश मैनालीले सांसदहरूको मन्त्री बन्ने आकांक्षाले नीति निर्माण प्रभावित भएको उल्लेख गर्दै सांसदलाई कानुन निर्माणमै सीमित गर्नुपर्ने र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्नुपर्ने धारणा राखे । उनले संवैधानिक परिषद्मा प्रधानन्यायाधीशको सहभागिता उपयुक्त नहुने बताए ।

विज्ञ जयराज आचार्यले मन्त्रालयको संख्या घटाउने सरकारको तयारीको प्रशंसा गर्दै विद्यार्थी युनियन तथा संगठनहरू खारेज गर्ने कदमप्रति सोही बैठकमार्फत सरकारलाई धन्यवाद दिए । उनले मन्त्रालय संख्या घटाउने पहल सकारात्मक भएको उल्लेख गर्दै भूराजनीतिक मुद्दामा सरकार सचेत रहनुपर्ने सुझाव दिए ।

अधिकांश विज्ञले संवैधानिक परिषद्को संरचना पुनरावलोकन, संवैधानिक निकायहरूको संख्या घटाई पूर्णस्वायत्त बनाउने, मन्त्रालयको संख्या घटाउने तथा विज्ञलाई मन्त्री बनाउने व्यवस्थामा जोड दिएका थिए । स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन, सांसदहरूलाई कानुन निर्माणमा केन्द्रित गराउन, प्रदेशमा मन्त्रालय संख्या सीमित गर्न र प्रतिनिधित्व सुनिश्चित गर्न समावेशी सिट निर्धारण गर्ने विषयमा पनि साझा धारणा देखिएको थियो ।

परराष्ट्रविद् तथा सहभागीहरूले भूराजनीतिक सन्तुलनमा सचेत रहन, छिमेकी राष्ट्रसँग विश्वासको वातावरण निर्माण गर्न र सन्धि सम्झौताहरू पुनरावलोकन गर्न सुझाव दिए । साथै, संघीयताको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनेसँगै कर प्रणालीलाई एकरूप बनाउने र महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने विषयमा पनि जोड दिइएको थियो ।

कार्यदलले प्राप्त सुझावहरूलाई बहसपत्रमा समेट्दै आगामी चरणमा थप परामर्श अघि बढाउने जनाएको छ ।

# सञ्चार मन्त्रालयअन्तर्गत विभिन्न निकायका ३६ पदाधिकारी स्वतः पदमुक्त

**काठमाडौं (प्रस)–** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतका विभिन्न नौ वटा निकायका ३६ जना पदाधिकारी पदमुक्त भएका छन् । मन्त्रालयले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ कार्यान्वयनमा आएपछि मन्त्रालयअन्तर्गतका विभिन्न संस्थान, बोर्ड, प्राधिकरण, आयोग तथा समितिका पदाधिकारीहरू स्वतः पदमुक्त भएका हुन् ।

अध्यादेशको दफा (२) को उपदफा (१) बमोजिम ती निकायमा कार्यरत अध्यक्ष, सदस्य तथा कार्यकारी पदाधिकारीहरू पदमुक्त भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार गोरखापत्र संस्थानका अध्यक्ष गोविन्दप्रसाद भण्डारी पदमुक्त भएका छन् । यस्तै, प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यसहित सदस्यहरू पदमराज जोशी, भीमलाल श्रेष्ठ, शन्तराम विडारी, कुमारी निमा काफ्ले, विजयराज अधिकारी, बालकृष्ण अधिकारी, केशवशरण लामिछाने र नकुल अर्याल पदमुक्त भएका छन् ।

यसैगरी नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारी तथा सदस्यहरू कृष्णप्रसाद पोखेल, नवराज अधिकारी, रवीन्द्र झा र गोकर्णप्रसाद सिटौला पदमुक्त भएका छन् । विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं तथा सदस्यहरू पवन अधिकारी, प्रेमबहादुर भट्टराई र मोहन गुरुङ पनि पदमुक्त भएका छन् । सुरक्षण मुद्रण केन्द्रका सदस्य आदित्य न्यौपाने र कार्यकारी निर्देशक देवराज ढुंगाना पदमुक्त भएका छन् ।

सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा. महेन्द्र विष्ट तथा सदस्यहरू अनिता गुरुङ, फूलमान बल र भूमिराज चापागाईं पदमुक्त भएका छन् । यसैगरी, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्य तथा सूचना आयुक्तहरू दुर्गा भण्डारी पौडेल र गगन विष्ट पनि पदमुक्त भएका छन् ।

चलचित्र जाँच समितिका सदस्यहरू सम्पन्न श्रेष्ठ, कुवेरराज गिरी र भगवतीकुमारी मैनाली उप्रेती, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्का तथा सदस्यहरू नवीनराज कुइँकेल, वासुदेव मिश्र र जमुना शर्मा पनि पदमुक्त भएको मन्त्रालयले जनाएको छ ।


## कुवेतमा रोजगार

कम्पनी : BARTON RESTAURANT AND CAFE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१२/03 | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 340782 | चलानी नं. ६०२५४८२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 18 | 0 | 120 | ५९,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Restaurant Cleaner | 10 | 0 | 110 | ५४,३१० | | | | | | | |
| 3. | Waiter/Waitress | 20 | 10 | 120 | ५९,२४८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ERN EXPRESS Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२३ गते**

यस कम्पनीको मिति २०८३/०१/०२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सिन्दो न्हाल्दो ट्रेडिङ प्राइभेट लिमिटेड**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सिन्दो न्हाल्दो अटो मोबाएल ट्रेडिङ प्राइभेट लिमिटेड (प्रा.लि.नं. १६९८५१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७९/०२/०९ गते **ओसन मोडर्न इन्भेष्टमेन्ट** (प्रा.लि.) को नामबाट दर्ता भएको प्रा.लि.नं. २९०९५१ कम्पनीको मिति २०८३/०१/२२ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**

बबरमहल, काठमाडौं । सम्पर्क : ९८५११६३७२३

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७९/०४/२६ मा दर्ता भएको श्री **जे.एम.डि. ग्लोरियस कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि. नं. २९६०८९)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०९/१० मा दर्ता भएको प्रा.लि.नं. २३१२१९ को **जय देवी देउराली सप्लार्यस प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०१/२३ गते**

यस कम्पनीको मिति २०८३/०१/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **चिल्ड्रेन प्याराडाईज ईङ्लीस मिडीयम वोर्डिङ स्कूल वाँके** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **चिल्ड्रेन प्याराडाईज ईङ्लीस मिडीयम सेकेन्डरी स्कूल वाँके (प्रा.लि.नं. ४३५३८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७९/०२/०९ गते **लालीगुराँस इन्भेष्टमेन्ट** (प्रा.लि.) को नामबाट दर्ता भएको प्रा.लि.नं. २९०९४८ कम्पनीको मिति २०८३/०१/२२ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**

बबरमहल, काठमाडौं । सम्पर्क : ९८५११६३७२३

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनीको विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयको मिति २०७४/०१/०३ मा दर्ता भएको **प्रा. लि. नं. १६७१२९** को **रेणु होटल एण्ड खाजाघर प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८३/०१/२३**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साबिक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.) को शाखा कार्यालय अमुवा रुपन्देही बाट तपसिलमा उल्लेखित तपाई ऋणीले एस.एम.ई आवधिक कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणी चौधरी साईकल स्टोर को नाममा मिति २०८१/०४/१५ को "दैनिक पत्र" राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५(पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय अमुवा, रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिने छ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्र द्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचना द्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**कर्जा शीर्षक : एस.एम.ई आवधिक कर्जा**

**ऋणी फर्मको नाम र ठेगाना**

**नाम** : **चौधरी साईकल स्टोर**
रजिष्टर्ड ठेगाना : सियारी गा.पा.वडा नं.-७, रुपन्देही
रजिष्ट्रेशन नं. : प्रा.फ.र.नं.४३०३२/०७५/७६ (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, रुपन्देही)
रजिष्ट्रेशन मिति : २०७५/०६/२१
पान नं. : ६०८६२१३९५

**फर्मको प्रोप्राईटरको नाम र ठेगाना**

**नाम** : **योगेन्द्र थारु**
बाबु : मुन्नीलाल थारु
बाजे : निरही थारु
पत्नी : दुखनी थारु
स्थायी ठेगाना : प.अमवा गा.वि.सं. वडा नं. ०८, रुपन्देही
हालको ठेगाना : सियारी गा.पा. वडा नं. ०७, रुपन्देही
ना.प्र.नं : १/१०२७
जारी मिति : २०४३/०९/२२
जि.प्र.का. : रुपन्देही

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. **नाम** : **दुखनी थारु**
बाबु : पिताम्बर थारु
ससुरा : मुन्नीलाल थारु
पति : योगेन्द्र थारु
स्थायी ठेगाना : दयानगर गा.वि.सं. वडा नं. ०२, रुपन्देही
हालको ठेगाना : सियारी गा.पा. वडा नं. ७, रुपन्देही
ना.प्र.नं : १०/१६४७
जारी मिति : २०४५/०१/०२
जि.प्र.का. : रुपन्देही

२. **नाम** : **प्रेम बहादुर चौधरी थारु**
बाबु : मुन्नीलाल थारु
बाजे : निरही थारु
पत्नी : कल्पना थारु
स्थायी ठेगाना : अमवा गा.वि.सं. वडा नं. ०८, रुपन्देही
हालको ठेगाना : सियारी गा.पा. वडा नं. ०७, रुपन्देही
ना.प्र.नं : ३/९९८९
जारी मिति : २०५६/०९/२८ (प्रथम प्रतिलिपि २०६२/०५/१२)
जि.प्र.का. : रुपन्देही

**धितो राखिएको सम्पत्तिको विवरण:**

**धितो सुरक्षण धनीको नाम:- योगेन्द्र थारु**

| | | |
|---|---|---|
| **जिल्ला** | रुपन्देही | |
| **न.पा/गा.वि.स.** | आ.अमुवा | |
| **वडा नं/नक्सा सिट** | ८/८क-१८९ | |
| **कि.नं.** | ८१ | ७२ |
| **क्षेत्रफल** | २५५.६५ | ४६७ |
| **कैफियत** | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय, अमुवा, रुपन्देहीमा समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८३/०२/०७, विहीवार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, अमुवा, रुपन्देही**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL


## युएईमा रोजगार

कम्पनी : Al Matana Building Maintenance

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341477 | चलानी नं. ६०२५४८९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1000 | ४१,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: KATHMANDU, Kathmandu Metropolitan City, AKH Training Centerमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


ASIA LINK Services Pvt. Ltd. श्रम इजाजत नं ११९/०५५/०५६

ASIA LINK SERVICES PVT. LTD.

Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260
E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## मलेसियामा रोजगार

कम्पनी : SUPERB ALUMINIUM SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341278 | चलानी नं. ६०२५४६७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 10 | 0 | 1700 | ६५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


Lic No. 1115/073/074

Api Manpower Solutions Pvt Ltd

Kusunti-14, Lalitpur, Nepal, Tel:+977-01-5454927, 5454928, Shree Prasad Khakural 9851043059
E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com

## मलेसियामा रोजगार

FREE VISA !! FREE TICKET !!!

कम्पनी : ALPHA FORGE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341540 | चलानी नं. ६०२५४८७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PEACE PACK SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341541 | चलानी नं. ६०२५४८७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BAN HIN LEONG & COMPANY SDN BERHAD

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341494 | चलानी नं. ६०२५४८८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 5 | 0 | 1700 | ६५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MCP MALAYSIA SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341509 | चलानी नं. ६०२५४८८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 1 | 1 | 1700 | ६५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


S.And S.Human Resource Pvt. Ltd.

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-015423287
Shiva Sankhar Chaudhari +977 984-9038785, E-mail : sands1238@gmail.com

श्रम इजाजत नं. १२३८/०७४/०७५

## युएइमा रोजगार

कम्पनी : ABINAYAA CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 319880 | चलानी नं. ६०२३८०५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter (Building) | 5 | 0 | 1300 | ५३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician (General) | 5 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 3 | Painter (Wall) | 7 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 4 | Plaster & Brick Mason | 7 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 5 | Plumber (Qualified) | 6 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 6 | Reinforcing Fitter Assistant | 8 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 7 | Steel Fixers (Rcc) | 8 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 8 | Tile Layer | 3 | 0 | 1300 | ५३,८४५ | | | | | | | |

कम्पनी : ATHIRSTAA BUILDING WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/०९ | LT. No. 311266 | चलानी नं. ६०२२५८११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1300 | ५३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrician Gen. | 3 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 3 | Mason (Nepal) | 5 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 4 | Painter | 8 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 5 | Plumber | 4 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 6 | Steal Fixer | 5 | 0 | 1300 | ५३,८४५ | | | | | | | |
| 7 | Tile Layer | 4 | 0 | 1300 | ५३,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


श्रम इजाजत नं. १३२८/०७४/७५

EXCELLENT MANPOWER SERVICES PVT.LTD.

Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# म्यानपावरमाथिको अंकुश

नेपाली अर्थतन्त्रको मेरुदण्ड मानिएको वैदेशिक रोजगार क्षेत्र लामो समयदेखि बिचौलियाको चंगुलमा फस्दै आएको छ । सरकारले हालै 'केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश' मार्फत वैदेशिक रोजगार ऐन, २०६४ मा गरेको संशोधनले वर्षौंदेखि व्याप्त बेथितिलाई लगाम लगाउने संकेत त दिएको छ, तर यसको सफल कार्यान्वयन भने अझै चुनौतीपूर्ण देखिन्छ । विशेषगरी, तोकिएकोभन्दा बढी शुल्क लिने म्यानपावर कम्पनीको इजाजत नै खारेज गर्ने र पीडित संख्याका आधारमा प्रतिव्यक्ति ५० हजार जरिवाना गर्ने व्यवस्थाले म्यानपावर व्यवसायीहरूमा तरंग ल्याएको छ ।

पछिल्लो तथ्यांकअनुसार वार्षिक आठ लाखभन्दा बढी नेपाली युवा रोजगारीका लागि विदेसिन्छन् । तीमध्ये ठूलो हिस्सा खाडी मुलुक र मलेसिया जानेहरूको छ । 'फ्रि भिसा, फ्रि टिकट' को नारा कागजमा सीमित हुँदा न्यून आय भएका श्रमिकहरू लाखौं ऋण काढेर विदेश जान बाध्य छन् । सरकारी नीतिले १० हजार रूपैयाँमात्र सेवा शुल्क तोके पनि व्यवहारमा श्रमिकहरूले तीन लाख रूपैयाँसम्म बुझाउनुपरेको तीतो यथार्थ लुकेको छैन । यस्तो अवस्थामा सरकारले ल्याएको इजाजत खारेजीको प्रावधान श्रमिकको हितमा देखिए पनि यसले व्यवसायीहरूमा ठूलो हलचल ल्याएको छ ।

व्यवसायीहरूको तर्कलाई पूर्णतः नजरअन्दाज गर्न मिल्दैन । उनीहरूले १० हजार रूपैयाँ सेवा शुल्कमा श्रमिक पठाउनु अव्यावहारिक रहेको बताउँदै आएका छन् । बाह्य बजारमा प्रतिस्पर्धा गर्नुपर्ने, विभिन्न शीर्षकमा खर्च गर्नुपर्ने र प्रशासनिक लागत बढ्दै गएका कारण सेवा शुल्कको वैज्ञानिक पुनरावलोकन हुनुपर्ने उनीहरूको माग छ । तर, सेवा शुल्क थोरै भएकै कारण श्रमिकलाई चर्को आर्थिक शोषणमा पार्नु कुनै पनि हालतमा न्यायोचित हुन सक्दैन । यदि १० हजार रूपैयाँ अपुग हो भने सरकार, विज्ञ र व्यवसायी बसेर एउटा पारदर्शी र व्यावहारिक शुल्क निर्धारण गर्नु आवश्यक छ ।

नयाँ कानुनी व्यवस्थाले वैदेशिक रोजगार विभागलाई शक्तिशाली त बनाएको छ, तर विभागकै कर्मचारीहरूको कार्यशैली र निष्ठामाथि पनि प्रश्न उठ्ने गरेका छन् । म्यानपावर कम्पनीले बढी शुल्क लिएको प्रमाण जुटाउनु र त्यसलाई कानुनी कारबाहीको दायरामा ल्याउनु आफैंमा जटिल कार्य हो । धेरैजसो लेनदेन अनौपचारिक माध्यमबाट हुने भएकाले श्रमिकसँग प्रमाण हुँदैन । यस्तोमा विभागले केवल उजुरीको पर्खाइमा नबसी सक्रिय अनुगमन बढाउनुपर्छ ।

कानुन बनाउनुमात्र ठूलो कुरा होइन, त्यसलाई विनापूर्वाग्रह कार्यान्वयन गर्नु मुख्य चुनौती हो । इजाजत खारेज गर्ने व्यवस्थाले व्यवसायीहरूलाई उत्तरदायी बनाउन मद्दत पुग्ने छ । यद्यपि, सरकारले एकातिर कडाइ गर्दा अर्कोतिर वैदेशिक रोजगारीका सम्पूर्ण प्रक्रियालाई पूर्णतः डिजिटल र पारदर्शी बनाउनुपर्छ । श्रमिकले बुझाउने प्रत्येक रूपैयाँको आधिकारिक रसिद पाउने वातावरण नबनेसम्म यस्ता अध्यादेशहरू केवल कागजको पानामामात्र सीमित हुने खतरा रहन्छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषणमुक्त बनाउन सरकारको दृढ इच्छाशक्ति र व्यवसायीको व्यावसायिक नैतिकता दुवैको संगम हुन जरुरी छ ।

# कर्मवादले देखाएको बाटो



❑ मणिराम डंगोल

> "कर्म भनेको श्रम हो, श्रमविनाको मानव जीवनको कल्पना गर्न सकिँदैन । विश्वको आर्थिक, सामाजिक सांस्कृतिक, शैक्षिक, सांगठनिकजस्ता अनेक विषयको उठान श्रमशक्तिको उच्चतम् उपयोगबाट मात्र सम्भव हुन्छ । कर्मवाद केवल सामाजिक सिद्धान्तमात्र होइन, जीवन बाँच्ने तरिका पनि हो । संसारलाई रूपान्तरण गर्ने शक्ति विचार वा भाषणमा नभई कर्ममा निहित हुन्छ । कर्मवादले कर्मलाई दायित्वको रूपमा होइन, सिर्जनशील शक्तिको रूपमा हेर्छ । यसका लागि कार्य केवल श्रम होइन, सिर्जनशीलता हो, जसले शून्यलाई केहीमा रूपान्तरण गर्छ ।

विश्वमा समाजवाद, साम्यवाद, पुँजीवाद, धर्मवाद, जातिवाद, द्वन्द्ववाद अनेकन वादका सिद्धान्त प्रतिपादन भएका छन् । ती वादहरूले वास्तविक अर्थमा आमजनताको भलाइलाई भन्दा केही सीमित व्यक्ति वा समूलाई बढी फाइदा पुग्नेगरी काम गरेको देखिन्छ । समाजका सबै वर्ग समुदायको साझा हित र मुलुकको समग्र भलाइका लागि विकास भएको कर्मवादको बारेमा भने खासै धेरैलाई जानकारी नहुन सक्छ । विश्वका अधिकांश सम्पन्न देशलाई हेर्ने हो भने उनीहरूले श्रमको उच्च सम्मान गर्दै कर्मवादलाई अभ्यासमा ल्याएका छन् । नेपालको राजनीतिमा भने लामो समयदेखि नितान्त व्यक्तिवादी चिन्तन हाबी हुँदा 'सर्वजन हिताय, सर्वजन सुखाय' नभएर निजी लाभ र स्वार्थको अस्त्र बनेको छ । यसले गर्दा देशको आर्थिक अवस्थामा तात्त्विक सुधार हुन सकेन, युवा जनशक्ति विदेश पलायन भएका छन् र विदेशी निर्भरता बढेर गएको छ ।

कुनै पनि देशलाई मार्गनिर्देश गर्ने वा स्वावलम्बी राष्ट्र निर्माणमा राजनीतिक नेतृत्वको ठूलो भूमिका रहेको हुन्छ । स्पष्ट सोच, असल विचार, दीर्घकालीन योजना, निःस्वार्थ भावना भएको राजनीतिज्ञले मात्र देशको काँचुली फेर्न सक्छ । यसका लागि राजनीतक नेतृत्वले मानिससँग रहेको प्रतिभाको पहिचान गरेर प्रयोगमा ल्याउन, आत्मविश्वासको विकास गर्न, आत्मसन्तुष्टिको मापन तयार पार्न सक्यो भने सबै नागरिकले शासन प्रणालीप्रति अपनत्व महसुस गर्न सक्छन् । यसबाट एकातिर समाजको आमूल परिवर्तन हुन्छ भने अर्कोतिर समृद्ध राष्ट्रको आधार तयार गर्न सकिन्छ ।

कर्म भनेको श्रम हो, श्रमविनाको मानव जीवनको कल्पना गर्न सकिँदैन । विश्वको आर्थिक, सामाजिक सांस्कृतिक, शैक्षिक, सांगठनिकजस्ता अनेक विषयको उठान श्रमशक्तिको उच्चतम् उपयोगबाट मात्र सम्भव हुन्छ । कर्मवाद केवल सामाजिक सिद्धान्तमात्र होइन, जीवन बाँच्ने तरिका पनि हो । संसारलाई रूपान्तरण गर्ने शक्ति विचार वा भाषणमा नभई कर्ममा निहित हुन्छ । कर्मवादले कर्मलाई दायित्वको रूपमा होइन, सिर्जनशील शक्तिको रूपमा हेर्छ । यसका लागि कार्य केवल श्रम होइन, सिर्जनशीलता हो, जसले शून्यलाई केहीमा रूपान्तरण गर्छ । जीवनमा प्रत्येक कार्यको फल हुन्छ भन्ने धारणा कर्मवादको मूल तत्व हो । त्यसैले अन्य राजनीतिक वादहरूभन्दा पूर्णतः भिन्न ढंगबाट कर्मवाद नितान्त सिर्जना, उत्पादन र नवप्रवर्तनमा अडिएको हुन्छ ।

कर्मवादको दृष्टिमा जीवनको वास्तविक मूल्य परिणाममा होइन, कार्यको निरन्तर प्रवाहमा छ किनकि कर्म नै चेतनाको जागरण हो । कर्मवादले समयको मूल्य बुझेको हुन्छ । समयको प्रत्येक क्षण एउटा विज हो, जसलाई कार्यको पानीले सिञ्चित गर्दा अंकुर फुट्छ र त्यही अंकुरणमा नयाँ फल फल्दछ । त्यसैले समयलाई खेर नफाली कार्यको पूजा गर्न सिक्नु नै कर्मवादको बाटोमा हिँड्नु हो । कार्य गर्ने व्यक्तिलाई सम्मान गर्दै कर्मवादले सबैलाई आफ्नो श्रम, सीप र समय समाजको उन्नतिका लागि उपयोग गर्न प्रेरित गर्छ । कर्मवाद उत्पादनमुखी कार्यशैलीमा आधारित छ । कर्मवादले प्रक्रियामुखी र औपचारिकतामा सीमित गतिविधिलाई अस्वीकार गर्दै उत्पादन र उपलब्धिलाई विकासको केन्द्रमा राख्दछ । वास्तविक विकास त्यतिबेलामात्र सम्भव हुन्छ, जब कामबाट प्रत्यक्ष परिणाम देखापर्छ र त्यो परिणामले समाजमा सकारात्मक प्रभाव पार्छ ।

कर्मवादलाई श्रम, रोजगारी र उत्पादनका साधन र स्रोतको युक्तिसंगत परिचालन र कठोर अनुशासनको रूपमा अर्थ्याउन सकिन्छ । हरेक मानिससँग केही न केही क्षमता हुन्छ, त्यसलाई उत्पादनसँग जोड्नु नै कर्मवाद हो । देश समृद्ध हुँदैमा सबै जनता सुखी हुँदैनन्, सुखी हुन त प्रत्येक वयस्क व्यक्ति उत्पादनसँग जोडिनुपर्छ । युवालाई उत्पादनसँग नजोड्ने हो भने उनीहरू देशमा टिक्न सक्दैनन् । त्यस अवस्थामा हरेक कुरामा परनिर्भर बन्नुपर्ने हुन्छ । परनिर्भरताले राष्ट्रिय सुरक्षामासमेत जेखिम निम्त्याउँछ । आधुनिकता र आत्मकेन्द्रित व्यक्तिवादी सोचले आज कसैले पनि अरुका लागि सकारात्मक सोच्नै नसक्ने अवस्था बनेको छ ।

समृद्धिको आधार उत्पादनमात्र भएकाले श्रमको महत्त्व स्थापित गरी उत्पादनमा संलग्न व्यक्ति, वर्ग, समुदाय तथा उद्यमीहरूलाई उचित सम्मानको वैधानिक परिपाटी कायम गर्ने हो भने नेपालका सयौं जातजाति र भाषाभाषीहरू राज्यको मूलप्रवाहमा जोडिने छन् र आ-आफ्ना कला कौशल, संस्कृति र विशिष्टता जोगाउँदै परिश्रममा गर्न थाल्ने छन् । राज्यले बजारको सुनिश्चित गरिदिँदामात्र पनि समाजमा व्यावसायिक र औद्योगिक उत्पादनले अभूतपूर्व गति र उचाइ लिने छ । यसबाट जनताको क्रयशक्ति र उपभोगमात्र बढ्ने छैन, यसले मुलुकको आयातमा आधारित अर्थतन्त्र निर्यातमुखी बन्न थाल्ने छ र गरिबी निवारणसहित सबल स्वाधीन अर्थतन्त्रले मुलुकको कायाकल्प हुने छ । जनताका आधारभूत आवश्यकता पूर्तिसँगै जीवनस्तरमा सुधार, स्वास्थ्य अवस्था र औसत आयुमासमेत उल्लेख्य सुधार हुने छ ।

## कर्मवादका प्रणेता भगवान् बुद्ध

समृद्धिका लागि बुद्धका धेरै उपदेशहरू नितान्त सान्दर्भिक रहेका छन् । धर्म आफैंमा मानव जातिको धारण गर्ने अनुशासन हो । माननवीय र कर्मशील मूल्य मान्यता हो, जीवनशैलीको मार्गदर्शन हो । भगवान् बुद्धले अनुशासनका नियमका रूपमा पञ्चशीलका उपदेशहरूले कर्मशील व्यक्तिका लागि सामाजिक सद्भाव, आचरण संस्कार र मूल्य मान्यताको संरक्षणसहितको सामाजिक सहअस्तित्वलाई प्रोत्साहन गरेको छ । बुद्धको समानता, शान्ति, दया, करुणा तथा कर्तव्यपरायणता जस्ता मान्यताहरू आजको कर्मशील समाजमा उत्तिकै सान्दर्भिक छन् । कर्मले नै मानिसलाई हीन वा महान् बनाउँछ अर्थात् लोभ वा पापविनाको तृष्णा, लालसा र महत्त्वकांक्षा तथा अन्यायपूर्ण, स्वार्थपूर्ण र भ्रष्ट आचरणसहितको कर्मले मानिसलाई कुकर्मतिर डोऱ्याउँछ ।

आफ्नो कर्मलाई इमान्दार भएर समुचित ढंगबाट सम्पादन गर्नु कुनै पनि पेसा कर्मको धर्म हो भन्ने बुद्धको सन्देश कहिल्यै पनि असान्दर्भिक हुन सक्दैन । यही कुरा गीतामा पनि कर्मयोगको रूपमा व्याख्या गरिएको छ । कुनै लोभ र आशक्तिविनाको कर्मले नै चित्त शुद्ध गराउँछ र कर्मबाट च्यूत भएको मानिस सधैं लोभ, मोह, शोक, डरजस्ता कहिल्यै नसकिने दोष र क्लेसरूपी बन्धनबाट कहिल्यै मुक्त हुन सक्दैन भन्ने गीताको सन्देश बुद्धको सामूहिक हितमा गरिने विष्काम कर्म, त्याग, करुणामैत्रीजस्ता संगठनहरूको अवलम्बन गरी आ-आफ्नो ठाउँबाट जिम्मेवार भएर कर्म गरेमामात्र समाजमा व्याप्त अराजकता, भ्रष्टाचार र अनैतिकताको हार हुनसक्छ । यस्ता भाव मानिसमा नहुँदा नै आज समाज अराजक, भ्रष्टीकरण उन्मुख र नैतिकरूपमा क्षयीकरण हुँदै गएको छ ।

बुद्धको अष्टांग मार्ग अनि पञ्चशीलमा आधारित कर्मवाद बुझी आफ्नो कर्म र आचरणलाई सफा गर्न आवश्यक छ । यसरीमात्र हामीले श्रम र उत्पादनद्वारा समाजलाई जोड्न सकिन्छ । प्रकृतिले दिएको स्रोत-साधनलाई चराचरका सबै जीव र वनस्पति जगत्‌को सहअस्तित्वलाई दृष्टिगतका साथ विवेकपूर्ण र समुचित उपयोग गरी श्रममा जुट्नु नै बुद्धको कर्मवाद हो । बुद्धले श्रमलाई नै समृद्धिको मार्ग बताएका छन् । बुद्धको कर्मवादले वैज्ञानिक, भौतिकवादी र प्रगतिशील जीवन पद्दतितर्फ अगाडि बढाउँछ । समृद्धि र सुखको बाटो यही हो ।ख

बुद्धको कर्मवादबाट हेर्दा समाजवादमात्र होइन, साम्यवाद पनि नजिकै देखिन्छ । बुद्धको समता मार्ग एउटा त्यस्तो बाटो हो, जसमा सबै सामाजिक भेदवाद र उँच-निच मेटिन्छन् र सबै जाति, भाषा, धर्म, लिंग र आर्थिक अवस्थाका मानिसहरूमात्र होइन, सबै वर्ग समुदाय एउटै स्तरमा खडा हुन्छन् र समान हैसियतमा रहन्छन् । बुद्ध दर्शनको यस्तो कर्मवाद संसारको नैतिक व्यवस्थाको शाश्वत् र सार्वभौम नियमको आधार बन्नसक्छ । बुद्धको कर्मवादले हामी सबैलाई सत्मार्गको बाटो देखाउँछ । यसले लोभ र स्वार्थबाट माथि उठेर सबैलाई पवित्र भावनाले मुलुक र मुलुकवासीको हितलाई मात्र ध्यानमा राखेर सबैलाई आफ्नो कार्यसम्पादन गर्न प्रेरणा दिन्छ । *रासस*

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरू

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

## पाठक मञ्च

# नाफा कमाउने सजिलो बाटो रोज्दा संकटमा बैंक

विकसित देशहरूमा बैंकमा पैसा राख्दा ब्याज तिर्नुपर्छ । अमेरिका, अस्ट्रेलियालगायत देशमा यस्तो व्यवस्था छ । सँगै जग्गा राज्यको स्वामित्वमा रहन्छ । नागरिकको आम्दानी र खर्च कति छ ? राज्यले विवरण राखेको हुन्छ । सरकारी कर्मचारीलाई समेत घण्टाको हिसाबले तलब दिइन्छ । पोसाक, गाडीलगायत कुनै सेवासुविधा दिइँदैन ।

अवकाशमा गएपछि पेन्सन पनि पाइँदैन । तर, नेपालमा यी सबैको उल्टो छ । पाँच वर्षअघि बैंकले ११ देखि १६ प्रतिशतसम्म ब्याजको प्रलोभनमा डिपोजिट राखे । सहकारी, लघुवित्त, फाइनान्सले त बचतको २२ प्रतिशतसम्म ब्याज दिए । यत्रो ब्याजको प्रलोभन देखाई जम्मा गरिएको डिपोजिट विशेषतः तीन क्षेत्रमा लगानी गरियो । ती हुन्, घरजग्गा, गाडी र सेयर ।

बैंक, वित्तीय संस्था, जलविद्युत्, बिमालगायत कम्पनीले १०० रूपैयाँ प्रतिकित्तामा निष्काशन गरेको सेयर दलालीहरूले ३५ सय पुऱ्याए । बैंक, वित्तीय संस्थाले त्यही सेयर धितो राखेर २८ सयसम्म कर्जा प्रवाह गऱ्यो । अहिले सोही सेयर मूल्य घटेर २६ सयमा झरेको छ । सेयरको मूल्य लगातार घट्दो छ । जबकि, यसमा ८३ लाखभन्दा बढीले लगानी गरेका छन् ।

त्यसमा बैंक, वित्तीय संस्था पनि उत्तिकै छन् । सेयरको मूल्य घट्नु भनेको बैंकको लगानी डुब्नुसरह हो । किनकि, मूल्य घटेपछि ऋणी धितो लिलाम गर भन्छन्, कर्जा तिर्दैनन् । अनि धितोको मूल्य पहिलाको तुलनामा आधा घटेपछि लिलाम गरे पनि के गर्ने ? अर्कोतर्फ, बिक्री पनि हुँदैन । यसले सहकारीलगायत वित्तीय संस्था त डुबे, अब बैंकमा समस्या देखिँदै छ ।

२०४८-४९ सालतिर भक्तपुरको राधेराधेमा रोपनीको ३० हजारमासमेत जग्गा नबिक्ने रैथाने स्थानीयहरू बताउँछन् । उनीहरूका अनुसार यहाँको धेरैजसो जग्गा सरकारी, गुठी र ऐलानी हुनुका साथै वर्षेभरि डुबान हुन्थ्यो । ०६६-६७ सालतिर राधेराधेमा १५ तले भवन निर्माण सुरु भयो, जुन अहिले अलपत्र छ । ०७४-७५ सालतिर त्यसकै साइडमा भाटभटेनी सुपरमार्केट बन्यो । आसपास ड्राइभिङ सेन्टर, हार्डवेयरलगायत पनि खुले ।

अनि जग्गाको मूल्य आनाकै ६० लाखदेखि डेढ करोड रूपैयाँ पुग्यो । ०७९-८० सालसम्म यही मूल्यमा जग्गा किनबेच भयो । यसरी जग्गा किनेर बाहिरका थुप्रै मानिसहरूले घर बनाए, जसमा बैंक, वित्तीय संस्थाले पनि लगानी गरेका छन् । तर, यी सबै जग्गा सरकारी भएको र त्यसमै घरलगायत संरचना निर्माण तथा व्यवसाय सञ्चालन भएको स्थानीय बताउँछन् ।

वि.सं. २०२१ सालमा सरकारी नापी टोली आउँदा यी जग्गालाई सरकारी, गुठी, ऐलानी र हदबन्दी बढीमा राखिएको थियो । त्यसैले किनबेच हुदैँनथ्यो । तर, ०४६ सालको राजनीतिक परिवर्तनपछि ०४८ सालदेखि यहाँ सरकारी, गुठी, ऐलानी, राजपरिवारलगायत जग्गा व्यक्तिका नाममा लैजाने क्रम बढ्यो । अहिले यहाँ खाली ठाउँ पाउन मुस्किल हुन थालिसक्यो । किनकि, सरकारी होस् या निजी सबै जग्गामा घरैघर बनेका छन् । यो त एउटामात्र उदाहरण हो । देशभर सार्वजनिक जग्गा अतिक्रमण भएको छ, त्यसमा घरलगायत संरचना ठडिएका छन् । जसमा करोडौं-अर्बौं लगानी गरिएको छ ।

भूमाफिया, दलालहरूले सरकारी कर्मचारी, राजनीतिक दल, जनप्रतिनिधि, कानुन व्यवसायीलाई हातमा लिई सरकारी, गुठी, ऐलानी, हदबन्दी बढी, मठमन्दिर, तालतलैया, पोखरी, ढुंगेधारा, इनार, कुवा, राजकुलो, टुकुचा, खोलानाला, राजपरिवारलगायतका जग्गा आफ्नो नाममा दर्ता गराए । अनि प्लटिङ गरेर बेचे । त्यस्ता जग्गा किन्नेचाहिँ अन्यत्रका मानिस । किनकि, त्यो क्षेत्रको स्थानीयलाई त यो सरकारी जग्गा हो भनेर थाहा हुन्छ । बाहिरका मानिसलाई त केही थाहा हुन्न । जसको फाइदा उठाई भूमाफियाहरूले सरकारी जग्गा दर्ता र प्लटिङ गर्दै बेचे । आफू मालामाल बने । तर, त्यस्ता जग्गा किनेका व्यक्ति र त्यसमा लगानी गर्ने बैंक चुर्लुम्म हुने भएका छन् । वालेन्द्र शाह नेतृत्वको सरकारले सबै सार्वजनिक जग्गा खाली गराउन थालेको छ ।

पहिलेको नापीअनुसार सरकारले धमाधम डोजर चलाउँदै छ । यसले भूमाफियाहरूले पहिला आफ्नो नाममा ल्याई प्लटिङ गरेर बेचेका जग्गामा बनेका संरचनामाथि पनि डोजर चल्ने पक्का छ । त्यसमा डोजर चल्नेबित्तिकै व्यक्ति त सडकमा आउँछ नै सँगै बैंक पनि डुब्छ । किनकि, त्यस्ता घरजग्गामा बैंकको खर्बौं कर्जा लगानी छ ।

सवारीसाधनमा पनि यस्तै भएको छ । छिमेक भारत र चीनमा एकदेखि १० लाख रूपैयाँमा पाइने सवारीसाधन अटो शोरुमहरूले अढाइ लाखदेखि २४ करोड रूपैयाँसम्ममा बेचेका छन् । व्यक्तिसँगै बैंक, वित्तीय संस्थाले पनि यसमा लगानी गरे ।

पाँच वर्षअघि डिपोजिटको १६ प्रतिशतसम्म ब्याज दिने बैंकले अहिले एकदेखि तीन प्रतिशतमा झारेको छ । यो पनि दिन मुस्किल परिरहेको छ । किनकि आम्दानी छैन । घरजग्गा, गाडी र सेयरमा गरिएको लगानी लगातार डुबिरहेको छ । विगतमा घुसको प्रलोभनमा परेर बैंकका अध्यक्ष, सञ्चालक, कर्मचारीको मिलीभगतमा घरजग्गा, गाडी र सेयरमा लगानी गरियो । जबकि, कानुनले यी वस्तुलाई विलासिताका भनेको छ ।

अर्कोतर्फ, बैंकको ऋण तिर्न नसक्दा पाँच लाख बढी कालोसूचीमा परेका छन् । बैंकबाट २२ लाख, सहकारीबाट ६३ लाख, लघुवित्तबाट २७ लाखले ऋण लिएका छन् । मिटरब्याजमा पनि लाखौंले कर्जा लिएका छन् । उनीहरूले कर्जा नतिरे बैंक डुब्ने पक्का छ । बैंकले छिटो र धेरै नाफा कमाउन घरजग्गा, गाडी र सेयरमा लगानी गऱ्यो तर आज आफैं टाट पल्टिने अवस्थामा पुग्दै छ ।

- **रूषा थापा**, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com

**साउदीमा रोजगार** कम्पनी : ENAYA RECRUITMENT CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 337709 | चलानी नं. ६०२५१२०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith/Rod Binder/Steel Fixer | 50 | 0 | 1200 | ४८,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० देखि जेठ ३ गते (13-17 May 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
Licence No.: 206/057/058 | ISO 9001: 2008 Certified Company | Certified No. 70902

**साउदीमा रोजगार** कम्पनी : SALEH HAMAD AL-QAHTANI EST. FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341468 | चलानी नं. ६०२५४८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Load And Unload | 10 | 0 | 1000 | ४०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

**साउदीमा रोजगार** कम्पनी : INSPIRING BAKING BAKERY CO

पूर्व स्वीकृति मिति : २०८२/०९/१७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 336713 | चलानी नं. ६०२५०५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1200 | ४८६४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम इजाजत नं. ७४/०६५/०६६

**युएइमा रोजगार** कम्पनी : BLOOM LANDSCAPE - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०९/२९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 336958 | चलानी नं. ६०२५०५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 3 | 0 | 1500 | ६२,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Garden Workers | 158 | 0 | 1000 | ४१,४१९ | | | | | | | |
| 3. | Plumber | 21 | 0 | 1500 | ६२,१२८ | | | | | | | |
| 4. | Steel Fixer | 1 | 0 | 1500 | ६२,१२८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गतेदेखि जेठ १ गतेसम्म (13th to 15th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82

**साउदी/कतारमा रोजगार** कम्पनी : BLUEGLITZ ARABIAN CONTRACTING COMPANY
For Contact : 9746295328 शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 341432 | चलानी नं. ६०२५४८६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 6 | 0 | 1000 | ४०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JOVIAL TRADING, EVENTS AND FACILITY MANAGEMENT
For Contact : 9851054109 शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 337932 | चलानी नं. ६०२५१४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 15 | 0 | 1000 | ४१,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MODERN SOLUTIONS TRADING COMPANY
For Contact : 9851054109 शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०५/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२२ | LT. No. 330753 | चलानी नं. ६०२४४५४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKING & PACKAGING WORKER | 7 | 0 | 1000 | ४०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



अफगानिस्तानको नान्गारहार प्रान्तको दारा–ए–नूर जिल्लाको गुलाब बगैंचामा गुलाबका थुँगाहरूबीच एक बालक । तस्बिरः सिन्हवा

# आर्मेनिया युरोपतर्फ नजिकिँदै, रुससँग दूरी बढ्दै

**येरेवान (आर्मेनिया)–** दक्षिण काकेशस क्षेत्रको रणनीतिकरूपमा महत्वपूर्ण राष्ट्र आर्मेनियाले आफ्नो विदेश नीतिमा ऐतिहासिक मोड लिँदै युरोपेली संघ (इयू) सँग सम्बन्ध गहिरो बनाइरहेको छ । यही सन्दर्भमा आर्मेनियाले मंगलबार इयूसँग पहिलो द्विपक्षीय शिखर सम्मेलन आयोजना गर्दै लामो समयदेखिको सहयोगी रुसबाट दूरी बढाउने स्पष्ट संकेत दिएको छ ।

राजधानी येरेवानमा सम्पन्न उक्त शिखर सम्मेलन युरोपेली राजनीतिक समुदायको आठौं भेलापछि युरोपका दर्जनौं नेताहरूलाई एउटै मञ्चमा ल्याउँदै सम्पन्न भएको हो । सोमबार भएको छलफलमा युरोपेली सुरक्षा अवस्था र इरानमा अमेरिका–इजरायल युद्धसम्बन्धी विषयमा पनि चर्चा भएको थियो ।




यी घटनाक्रमहरूले आर्मेनियाले पश्चिमतर्फ उन्मुख हुने आफ्नो रणनीति तीव्र बनाएको देखाउँछन् । सन् २०२३ मा अजरबैजानले कारबाख क्षेत्र पुनः नियन्त्रणमा लिएपछि दशकौं पुरानो पृथकतावादी शासन अन्त्य गर्दै आर्मेनिया र रुसबीचको सम्बन्ध चिसिएको थियो ।

आर्मेनियाली पक्षले अजरबैजानको आक्रमण रोक्न नसकेको भन्दै त्यहाँ तैनाथ रुसी शान्ति सैनिकहरूको आलोचना गरेको थियो । तर युक्रेन युद्धमा व्यस्त रहेको मस्कोले हस्तक्षेप गर्ने जनादेश नभएको दाबी गर्दै आरोप अस्वीकार गरेको थियो । येरेवानस्थित क्षेत्रीय अध्ययन केन्द्रका निर्देशक रिचार्ड गिरागोसियनले उक्त युद्धलाई 'रुस अविश्वसनीय साझेदार भएको स्पष्ट प्रमाण' भन्दै टिप्पणी गरे । त्यसयता प्रधानमन्त्री निकोल पाशिन्यानको नेतृत्वमा आर्मेनियाले पश्चिमसँग सम्बन्ध विस्तारलाई प्राथमिकता दिएको छ, जसलाई इयूले स्वागत गरेको छ । युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले पाशिन्यानलाई युरोप नजिक ल्याउने साहसी राजनीतिक निर्णयका लागि धन्यवाद दिएका छन् । उनले आर्मेनियाली लोकतन्त्र सुदृढीकरण र बाह्य हस्तक्षेप तथा गलत सूचनाविरुद्धको प्रयास महत्वपूर्ण रहेको बताए ।

त्यसैगरी युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डर लेयनले आर्मेनियाले दक्षिण काकेशस र मध्य एसियाबीचको सम्पर्क सञ्जालमा महत्वपूर्ण भूमिका खेल्न सक्ने उल्लेख गरिन् । आर्मेनियाले सन् २०२३ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा सदस्यता लिएको थियो, जसलाई मस्कोले 'प्रतिकूल कदम' भनेको थियो । उक्त अदालतले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध युक्रेनबाट बालबालिका अपहरणको आरोपमा पक्राउ पुर्जी जारी गरेको छ ।

त्यसपछि सन् २०२४ मा आर्मेनियाले मस्को नेतृत्वको सामूहिक सुरक्षा सन्धि संगठनमा आफ्नो सहभागिता रोकेको थियो । अर्को वर्ष, आर्मेनियाली संसद्ले इयूमा सदस्यता लिने औपचारिक इच्छा व्यक्त गर्ने कानुन पारित गरेको थियो । विश्लेषक गिरागोसियनका अनुसार रुसले छोडेको प्रभाव क्षेत्र अहिले इयूले भर्दै गएको छ । यसमा संयुक्त राज्य अमेरिकाको तुलनामा युरोपेली सहभागिता बढी व्यावहारिक देखिन्छ । उनका अनुसार यो प्रक्रिया दीर्घकालीनरूपमा कम तनावपूर्ण हुन सक्छ ।

आर्मेनिया अझै पनि रुस नेतृत्वको युरेसियन आर्थिक संघको सदस्य छ, जसले वस्तु, पुँजी र श्रमको स्वतन्त्र आवागमन सुनिश्चित गर्छ । यस संगठनमा बेलारुस, काजाकिस्तान र किर्गिस्तान पनि सहभागी छन् । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले हालैको भेटमा आर्मेनिया एकैसाथ इयू र उक्त आर्थिक संघमा रहन नसक्ने चेतावनी दिएका थिए । प्रधानमन्त्री पाशिन्यानले असंगतता स्वीकार गर्दै हाललाई दुवै दिशामा सन्तुलन कायम राख्ने नीति अपनाइने बताएका थिए । गिरागोसियनले मंगलबारको शिखर सम्मेलनलाई नयाँ सदस्यताभन्दा पनि पहिले नै रहेको सम्बन्धलाई थप गहिरो बनाउने प्रयासका रूपमा व्याख्या गरे । उनका अनुसार यसले रुसलाई स्पष्ट राजनीतिक सन्देश दिएको छ ।

शिखर सम्मेलन अजरबैजानसँग बढ्दो तनावबीच भएको हो । अजरबैजानले युरोपेली संसद्को प्रस्तावप्रति आपत्ति जनाउँदै इयूका प्रतिनिधिलाई बोलाएको थियो । त्यसपछि अजरबैजानी सांसदहरूले युरोपेली संसद्सँगको सहकार्य निलम्बन गर्ने निर्णय गरेका छन् । अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभले युरोपेली संस्थाहरूलाई दोहोरो मापदण्ड अपनाएको आरोप लगाए । शिखर सम्मेलन स्थलबाहिर पनि प्रदर्शन भएको थियो, जहाँ प्रदर्शनकारीहरूले अजरबैजानमा रहेका आर्मेनियाली बन्दीहरूको फोटो प्रदर्शन गरेका थिए ।

आन्तरिक राजनीतिमा पनि यस घटनाले प्रभाव पारेको छ । आगामी निर्वाचनको तयारीमा रहेका प्रधानमन्त्री पाशिन्यानलाई अन्तर्राष्ट्रिय मञ्चमा देखिएको सक्रियताले राजनीतिक लाभ पुग्न सक्ने अनुमान गरिएको छ । तर विपक्षी नेता अराम सार्गस्यानले युरोपेली समर्थनलाई चुनावकेन्द्रित भन्दै आलोचना गरेका छन् र अजरबैजानमा रहेका आर्मेनियाली बन्दीहरूको मुद्दा बेवास्ता गरिएको आरोप लगाएका छन् । *रासस/एपी*

# हुनानमा पटाखा कारखाना विष्फोट, २६ जनाको मृत्यु

**बेइजिङ–** मध्य चीनको हुनान प्रान्तस्थित एक पटाखा उत्पादन कारखानामा भएको भीषण विष्फोटमा कम्तीमा २६ जनाको ज्यान गएको छ भने ५६ जना घाइते भएका छन् । सोमबार दिउँसो भएको उक्त घटनापछि पनि जोखिम कायम रहेकाले उद्धार तथा अनुसन्धान कार्य तीव्र रूपमा अगाडि बढाइएको छ ।

चीनको सरकारी समाचार संस्था सिन्हवाका अनुसार विष्फोट चाङ्सा सहरअन्तर्गतको औद्योगिक क्षेत्रमा रहेको कारखानामा भएको हो । चाइना डेलीका अनुसार उक्त उद्योग लियुयाङ क्षेत्रको प्रमुख आतसबाजी उत्पादन केन्द्रमा पर्ने हुआशेङ आतसबाजी निर्माण तथा प्रदर्शन कम्पनीद्वारा सञ्चालन हुँदै आएको थियो ।

राज्य प्रसारण संस्था चाइना केन्द्रीय टेलिभिजनद्वारा सार्वजनिक गरिएको हवाई दृश्यमा विष्फोटपछि कारखानाको धेरै संरचना ध्वस्त भएका र केही स्थानमा सेतो धुवाँ उठिरहेको देखिएको थियो । घटनास्थलमा करिब ५०० जना उद्धारकर्मी परिचालन गरिएको थियो । विष्फोट नजिकै रहेका दुईवटा उच्च जोखिमयुक्त बारुद भण्डारका कारण थप दुर्घटनाको सम्भावना रहेकाले आसपासका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको थियो ।

यो समाचार तयार पार्दासम्म विष्फोटको ठोस कारण खुलेको छैन । सम्बन्धित निकायहरूले अनुसन्धान सुरु गरिसकेका छन् भने प्रहरीले कम्पनीका जिम्मेवार व्यक्तिहरूलाई नियन्त्रणमा लिएको जनाएको छ । यस घटनापछि चिनियाँ राष्ट्रपति सी चिनफिङले बेपत्ता व्यक्तिहरूको खोजी तथा घाइतेहरूको उद्धारमा सम्पूर्ण प्रयास गर्न निर्देशन दिएका थिए । उनले घटनाको कारण चाँडो पत्ता लगाई जिम्मेवारमाथि कडा कारबाही गर्न र औद्योगिक क्षेत्रमा सुरक्षा व्यवस्थालाई अझ कडा बनाउन पनि आग्रह गरे ।

उद्धारका क्रममा थप जोखिम कम गर्न पानी छर्कने तथा वातावरण चिस्यानयुक्त बनाउने उपाय अपनाइएको छ । कठिन स्थानमा खोजी कार्यलाई सहयोग पुर्‍याउन तीनवटा स्वचालित यन्त्रसमेत प्रयोगमा ल्याइएको छ । लियुयाङ क्षेत्र आतसबाजी उत्पादनको पुरानो केन्द्रका रूपमा चिनिन्छ । गिनिज वर्ल्ड रेकर्ड्सका अनुसार व्यवस्थितरूपमा अभिलेख गरिएको पहिलो आतसबाजी ताङ राजवंश (६१८–९०७ इस्वी) का भिक्षु ली टियानसँग सम्बन्धित मानिन्छ, जसले बाँसमा बारुद प्रयोग गरी विष्फोट गराउने विधि विकास गरेका थिए । यसअघि पनि फेब्रुअरी महिनामा चन्द्र नयाँ वर्षका बेला चीनमा आतसबाजी पसलहरूमा भएका दुईवटा छुट्टाछुट्टै विष्फोट घटनामा मानवीय क्षति भएको विवरण सार्वजनिक भएको थियो । पछिल्ला घटनाले यस उद्योगको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाइरहेका छन् । *रासस/एपी*

# एयर इण्डिया दुर्घटनामा विद्युतीय त्रुटिको आशंका

**मुम्बई–** गत वर्ष भएको एयर इण्डियाको भीषण विमान दुर्घटनाबारे पुनः गहिरो अनुसन्धानको माग गर्दै भारतीय पाइलटहरूको एक समूहले उड्डयन मन्त्रालयमा औपचारिक पत्र बुझाएको छ । उक्त समूहले दुर्घटनाको कारण पाइलटको गल्ती नभई विद्युतीय प्रणालीमा आएको गम्भीर त्रुटि हुन सक्ने दाबी गरेको छ ।

पाँच हजारभन्दा बढी सदस्य रहेको भारतीय पाइलट महासंघले जुन १२, २०२५ मा भएको बोइङ ७८७–८ ड्रिमलाइनर दुर्घटनाबारे आफ्नो धारणा सार्वजनिक गर्दै अन्तिम प्रतिवेदन आउनुअघि नै थप प्राविधिक अध्ययन आवश्यक रहेको जनाएको छ । उक्त दुर्घटनामा २६० जनाको ज्यान गएको थियो र त्यसले भारतीय उड्डयन इतिहासमै ठूलो मानवीय क्षति पुर्‍याएको थियो ।

अन्तर्राष्ट्रिय कानुनअनुसार भारतको विमान दुर्घटना अनुसन्धान ब्युरोले दुर्घटनापछि जुलाई १२ मा प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको थियो । पश्चिमी भारतको अहमदाबादबाट उडान भरेको केही समयमै विमानमा आगलागी भएको उक्त घटनाले तत्कालै ठूलो आपत्कालीन अवस्था सिर्जना गरेको थियो ।

१५ पृष्ठ लामो उक्त प्रारम्भिक प्रतिवेदनमा विमानको इन्धन आपूर्ति प्रणाली टक्कर हुनु केही क्षणअघि बन्द भएको उल्लेख गरिएको थियो र यसले सम्भावित पाइलट त्रुटिको प्रश्न उठाएको थियो । तर इन्धन स्विच बन्द हुनु पाइलटको कार्यका कारण हो वा प्राविधिक गडबडीका कारण हो भन्नेबारे प्रतिवेदनले स्पष्ट निष्कर्ष दिएको थिएन ।

भारतीय पाइलट महासंघले मे १ मा पठाएको पत्रमा 'प्राविधिक नोट' प्रस्तुत गर्दै थप अनुसन्धान आवश्यक हुने सम्भावित कारण औंल्याएको छ । पत्रमा उडानअघि विद्युतीय प्रणालीमा भएको गडबडीका कारण पाइलटको हस्तक्षेपविना नै दुवै इन्जिनमा इन्धन आपूर्ति बन्द हुन सक्ने सम्भावना उल्लेख गरिएको छ ।

पत्रमा भनिएको छ, 'उडान सुरु हुनुअघि भएको विद्युतीय गडबडीले पाइलटको कुनै पनि इनपुटविना नै अनपेक्षित रूपमा रिले सञ्चालन र दुवै इन्जिनमा इन्धन आपूर्ति बन्द हुन सक्छ ।'

महासंघले दुर्घटनाबारे सार्वजनिक भइरहेका केही मिडिया रिपोर्टहरूले घटनालाई केवल पाइलटको गल्तीका रूपमा प्रस्तुत गरिरहेको भन्दै त्यसप्रति असन्तुष्टि पनि जनाएको छ । साथै अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनका मापदण्डअनुसार सबै सम्भावित प्राविधिक कारणहरूलाई पहिले पूर्णरूपमा जाँच नगरी निष्कर्षमा पुग्न नहुने उल्लेख गरिएको छ ।

महासंघका अनुसार प्रस्तुत गरिएको विद्युतीय त्रुटिको परिकल्पनालाई परीक्षणयोग्य वैज्ञानिक आधारमा विस्तृत रूपमा विश्लेषण गर्न आवश्यक छ । जबसम्म यस्तो विश्लेषण पूरा हुँदैन, तबसम्म प्राविधिक कारणलाई पूर्णरूपमा अस्वीकार गर्न नसकिने उनीहरूको तर्क छ ।

यस दुर्घटनाको एक वर्ष पूरा हुन लाग्दा आगामी महिनासम्म अन्तिम प्रतिवेदन सार्वजनिक हुने अपेक्षा गरिएको छ । तर पाइलट समूहको यो नयाँ दावीले अनुसन्धान प्रक्रियामा थप दबाव सिर्जना गरेको छ र दुर्घटनाको वास्तविक कारणबारे बहस पुनः चर्किएको छ । *रासस/एएफपी*


**साउदीमा रोजगार** — कम्पनी : MAHARAH HUMANRESOURCES COMPANY — LT. No. 335552

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 8 | 0 | 1000 | ४०,५४० |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815, 4583816, +9779801309349 Deeya Sadashankar
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np

**युएइमा रोजगार** — कम्पनी : BREATHE BEAUTY SALOON — LT. No. 341502

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 1 | 2000 | ८२,८३५ |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal, Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699158, Email: hrnepalservices@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : RAHAT SABA ESTABLISHMENT — LT. No. 341517

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 4 | 0 | 1200 | ४८,६४५ |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-5929372
9801018169 Khem nath Gautam, Email: mashareqoverseas@gmail.com, Web: www.mashareqoverseas.com.np

**साउदीमा रोजगार** — कम्पनी : SUPPORT ENGINES CONTRACTING COMPANY LIMITED — LT. No. 341518

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 8 | 0 | 2500 | १०१,३४५ |
| 2. | Heavy Truck Driver | 16 | 0 | 1800 | ७२,९७० |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

Kapeel Manpower Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

**युएइमा रोजगार** — कम्पनी : WORKERS VILLAGE REAL ESTATE L.L.C — LT. No. 315380

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Unskilled laundry attendant | 4 | 0 | 900 | ३७,२७५ |
| 2 | Porter | 5 | 0 | 900 | ३७,२७५ |
| 3 | Office cleaner | 3 | 0 | 900 | ३७,२७५ |
| 4 | Cleaner general | 4 | 0 | 900 | ३७,२७५ |
| 5 | Building cleaner | 1 | 0 | 900 | ३७,२७५ |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

NEPAL GATE WAY OVERSEAS PVT.LTD.
Kalanki 14, Kathmandu, Nepal, Tel.- +977- 01-5219205, 5219584, 9801139344 Amit Shrestha

**साउदीमा रोजगार** — कम्पनी : FAISAL FAHAD HUSSEIN AL-KARI TRANSPORT COMPANY IS A ONE-PERSON COMPANY. — LT. No. 341459

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 25 | 0 | 1800 | ७२,९७० |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

NABIL OVERSEAS PVT LTD.
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4579617/4572474, Fax : +977-1 -4466023

**कतारमा रोजगार** — कम्पनी : TRUEPOINT CONTRACTING AND SERVICES — LT. No. 341465

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 0 | 2500 | १,०४,३८५ |
| 2. | Cleaners (Male) | 16 | 0 | 1200 | ५०,१०५ |
| 3. | General Builder | 1 | 0 | 1500 | ६२,६३२ |
| 4. | Office Cleaner | 19 | 0 | 1200 | ५०,१०५ |
| 5. | Packing Worker | 1 | 0 | 1200 | ५०,१०५ |
| 6. | Sales Executive | 5 | 0 | 3000 | १,२५,२६२ |
| 7. | Service Agents | 13 | 0 | 1500 | ६२,६३२ |
| 8. | Technician Electrical | 5 | 0 | 2500 | १,०४,३८५ |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08, Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail.com. Website : www.luckyhumanresource.com.np

**जापानमा रोजगार** — कम्पनी : UNIVERSAL BUSINESS CREATION COOPERATIVE — LT. No. 341279

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रु. |
|---|---|---|---|---|---|
| 1 | Labour | 0 | 3 | 197496 | १,९१,७९० |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।

Universal H.R Soltution Pvt.Ltd.
Baneshwor, Milan chowk-31, Kathmandu, Tel: 014593365, 4593465,
Mobile No. 9802829481 Swotantra Tamot, E-Mail : uhrsolution1209@gmail.com

प्रभाव दैनिक National Daily

अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९१००० | प्रति तोला – ० | प्रति तोला – ४८८० |



जुम्लाको मार्सी | जुम्लाको चन्दननाथ नगरपालिका-५ का किसानको खेतमा हरियाली भएको मार्सीधानको बीउ । *तस्बिरः विजय रावत/रासस*

# संकटमा निर्माण उद्योग

## मूल्यवृद्धि र नीतिगत ढिलाइले काम ठप्प

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल निर्माण व्यवसायी महासंघले निर्माण उद्योगको इतिहासमै हाल निर्माण व्यवसायीहरू कठिन मोडमा पुगेको जनाएको छ । आयोजित पत्रकार सम्मेलनमा महासंघले राज्यको कमजोर पुँजीगत खर्च, निर्माण सामग्रीमा तीव्र मूल्यवृद्धि र नीतिगत अन्योलका कारण मुलुकभरका अधिकांश आयोजना ठप्प प्रायः भएको उल्लेख गरेको हो ।

महासंघका अनुसार सात प्रदेश, ७७ जिल्ला संघ तथा अन्य सदस्यसहित करिब ३२ हजार निर्माण व्यवसायी आबद्ध रहेको यस क्षेत्र अहिले गम्भीर आर्थिक दबाबमा छ । चालु आर्थिक वर्षमा विनियोजित पुँजीगत बजेटमध्ये हालसम्म करिब २७ प्रतिशत मात्र खर्च हुनुले पूर्वाधार विकासमा प्रत्यक्ष असर परेको महासंघको भनाइ छ ।

महासंघका अध्यक्ष निकोलस पाण्डेले मध्यपूर्वमा जारी युद्धका कारण डिजेल, मट्टितेललगायत इन्धन तथा बिटुमिन, सिमेन्ट, डण्डीजस्ता निर्माण सामग्रीको मूल्यमा असामान्य वृद्धि भएको बताए ।

गत फेब्रुअरी १५ मा प्रतिलिटर १३९ रूपैयाँ रहेको डिजेलको मूल्य बढेर २२५ रूपैयाँ पुगेको र बिटुमिनको मूल्य प्रतिकेजी ७५ बाट १५५ रूपैयाँ पुगेको छ । यसले निर्माण लागत अत्यधिक बढाउँदा व्यवसायीहरू 'फोर्स माज्युर' अवस्था सामना गर्न बाध्य भएको उनको भनाइ छ । तर, मूल्य समायोजनका लागि सरकारबाट प्रभावकारी निर्णय नभएको गुनासो संघले गरेको छ ।





महासंघले मूल्यवृद्धि र सामग्री अभावका कारण राष्ट्रिय गौरवका आयोजनासहित अधिकांश परियोजनाको काम ठप्प भएको जनाएको छ । निर्धारित समयमा आयोजना सम्पन्न हुने सम्भावना न्यून भएकाले बैंक ग्यारेण्टी, बिमा र क्षतिपूर्तिसहित सबै आयोजनाको म्याद थप गर्न सरकारसँग माग गरिएको छ ।

यसैबीच सार्वजनिक खरिद ऐन, २०६३ संशोधनसम्बन्धी अध्यादेशले केही सकारात्मक व्यवस्था गरे पनि 'लो बिडिङ'जस्ता मूल समस्या पूर्ण रूपमा समाधान नगरेको महासंघले जनाएको छ । मूल्य समायोजन, उपभोक्ता समितिसम्बन्धी व्यवस्था, मासिक भुक्तानीलगायत विषयमा स्पष्टता अभाव रहेको महासंघको निष्कर्ष छ ।

निर्माण व्यवसायी तथा अन्य उद्यमीहरूमाथि भइरहेको धरपकडले निजी क्षेत्र त्रसित भएको महासंघले जनाएको छ । यसले लगानी, रोजगारी र आपूर्ति प्रणालीमा नकारात्मक असर पार्ने चेतावनी दिइएको छ । महासंघले विद्युतीय खरिद प्रणालीसम्बन्धी विषयमा केन्द्रीय अनुसन्धान ब्यूरोको अनुसन्धानले कानुनसम्मत देखाएको उल्लेख गर्दै सोही विषयमा पुनः पक्राउ गरिनु दुःखद् भएको जनाएको छ ।

हालको अवस्थामा 'काम गर्दा घाटा, नगर्दा जरिवाना'को दोहोरो मारमा व्यवसायी परेको महासंघको भनाइ छ । एक साताभित्र मूल्य समायोजनसम्बन्धी नीतिगत निर्णय नभए निर्माण कार्य स्वतः बन्द हुने र आन्दोलनका कार्यक्रम घोषणा गरिने जनाइएको छ ।

# सहकारी बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गरिने

**काठमाडौं (प्रस)–** सरकारले समस्याग्रस्त सहकारीको बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गर्ने भएको छ । गत वैशाख ९ गतेदेखि काम थालेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सहकारी र बचतकर्ताको आवश्यक विवरण संकलन गरेर बचत रकम फिर्ता गर्ने तयारी गरेको हो ।

समितिले गरेको अध्ययनअनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताको करिब रु ४६ अर्ब बचत फिर्ता गर्नुपर्ने छ । तीमध्ये अधिकांश साना बचतकर्ता रहेको समितिले जनाएको छ ।

पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कुल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिका सदस्यसचिव रविन ढकालले जानकारी दिए ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले बचत फिर्ताका लागि धेरै काम भइसकेको र अब फिर्ता गर्ने काम सुरु हुने जानकारी दिए । 'सहकारी बचतकर्ताको रकम फिर्ता गर्नेबारे धेरै काम गरिसकेका छौँ । साना बचतकर्ताको रकम पहिले फिर्ता गर्छौं,' उनले भने ।

समितिले आफ्नो कार्यविधि तय गर्दै 'बचत फिर्ता कार्य आरम्भ गर्ने र कर्जा असुलीमा प्राथमिकता दिने नीति अबलम्बन गरिने' जनाएको छ । समितिले मागदाबीकर्ता बचतकर्ताको बचत फिर्ता गर्ने कार्य आगामी जेठको पहिलो हप्ताबाट आरम्भ हुने र मागदाबी छुट भएका बचतकर्ताको पुनः मागदाबी गर्ने समय आगामी साउनको पहिलो हप्तामा खुला गरिने जनाएको छ ।

समितिका अनुसार नेपाल सरकारबाट चक्रीय कोषमा विनियोजित रकम सम्बन्धित समितिको कोषबाट नपुग हुन गएमा सापटीका रूपमा मात्र खर्च गरिने पनि स्पष्ट पारिएको छ । समितिका सदस्यसचिव ढकालले कर्जा असुलीका लागि समितिले कानुनबमोजिम कठोर नीति अबलम्बन गर्ने जानकारी दिए ।

## कर्पोरेट

### धुलिखेल लज रिसोर्टमा रिलायन्सका ग्राहकलाई छुट



**काठमाडौं (प्रस)–** रिलायन्स फाइनान्स र धुलिखेल लज रिसोर्ट बिच सम्झौतापत्रमा हस्ताक्षर भएकोछ । सम्झौता अनुसार धुलिखेल लज रिसोर्टले फाईनान्सका ग्राहक तथा कर्मचारीहरूलाई अधिकतम् २० प्रतिशतसम्मको छुट प्रदान गर्ने भएकोछ । यो छुट ग्राहकहरूले फुड तथा वेबरेज, अकोमोडेसन जस्ता सेवाहरूमा प्राप्त गर्न सक्नेछन् ।

देशभरी २१ वटा शाखा रहेको रिलायन्स फाईनान्सले यसअघि पनि ट्र्याङ्क्विलिटस स्पासँग सहकार्य गर्दै आफ्ना ग्राहकहरूलाई व्यक्तिगत स्पा तथा सौन्दर्य सेवामा अधिकतम् २५ प्रतिशत सम्मको छुट सुविधा प्रदान गराएको थियो ।

### शुभयात्रा नेपालको आयोजनामा क्यान्सर पहिचान कार्यक्रम





**मणिग्राम (प्रस)–** शुभयात्रा नेपालको आयोजना, तिलोत्तमा नगरपालिका एवम् नगरको वडा नं. १४ को कार्यालयको सह-आयोजना र देवदह मेडिकल कलेज देवदह रूपन्देहीको प्राविधिक सहयोगमा निः शुल्क क्यान्सर रोगको पहिचान र सचेतना शिविर टिकुलीगढमा सम्पन्न भएको छ । बिशेषगरी क्यान्सर रोगको पहिचान र सचेतना कार्यक्रमसहित सञ्चालित शिविरमा अन्य परामर्शसहित औषधी वितरणसमेत गरिएको थियो । पाठेघर, स्तन, फोक्सो, पोष्टेट क्यान्सर सम्बन्धी परीक्षण तथा परामर्श निःशुल्क सेवा प्रदान गरिएको कार्यक्रम संयोजक डा. नारायण जिसीले जानकारी दिए ।

तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाणले शिविर उद्घाटन गर्दै समयमै रोग पहिचान र सचेतना अत्यन्त आवश्यक रहेको भन्दै यस्ता कार्यक्रमले समुदायमा ठुलो योगदान पुऱ्याउने धारणा व्यक्त गरे ।

उक्त अवसरमा शुभयात्रा नेपालका केन्द्रीय अध्यक्ष मधुसुदन गैह्रेले पञ्चसूत्रीय कार्य योजना, देवभुमि क्षेत्र (गण्डकी, कर्णाली, कोशी) विकास, सात प्रदेशमा एक एक वटा गौ निकुञ्ज, क्यान्सर अस्पताल तथा अनुसन्धान केन्द्र, फोहरमुक्त नेपाल र पर्यटन विकाशका योजनामा शुभयात्रा केन्द्रित भएको जानकारी दिए ।

विगत २८ बर्षदेखि समाजिक काम गर्दै आइरहेको शुभयात्रा नेपालले पर्यटकीय दृष्टिकोणले वालिङ न.पा १०, स्याङजामा बझाकोट पर्यटकीय मगर गाउँ होम स्टेको रूपमा विकसित गरि सकेको, आध्यात्मिक दृष्टिकोणले कालीगण्डकीको किनार गल्याङ वडा नं ९, हुँगीघाट देवभुमिमा देवकार्य, पितृकार्य र अन्तयष्टिका लागि आवश्यक पुर्वाधार निर्माणका कामहरू केन्द्रीय अध्यक्ष गैह्रेले जानकारी दिए ।

यसैगरी, फोहर मुक्त नेपाल नमुनाको रूपमा विराटनगरबाट थालनी गरिएको, सात प्रदेशमा एक-एकवटा गौ निकुञ्जको नीतिगत निर्णयका लागि लुम्बिनी प्रदेशको कपिलवस्तुको उत्तरी भागमा रहेको वनक्षेत्रलाई गौ-चरण क्षेत्र नेपाल सरकारले निर्णय गरोस् भनी माग राखिएको समेत उनले जानकारी दिए ।

### समृद्धि फाइनान्सबाट अनलाइन प्रणालीमार्फत बन्धक रोक्का फुकुवा सेवा



**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्सले नेपाल सरकार, भुमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौसंग जग्गा धनी, ऋणी र वितीय संस्थाको प्रतिनिधी समेतको भौतिक उपस्थितिमा भूमि सुधार मालपोत कार्यालयको रहोबरमा धितो बन्धकी लिखित पारित गरिँदै आएकोमा अब उपरान्त उक्त कार्य पूर्ण रूपमा सूचना प्रविधिमा आधारित रही भूमि प्रशासन निर्देशिका २०८१ बमोजिम रोक्का, फूकुवा सम्बन्धि सम्पूर्ण कार्यहरू अनलाईन मार्फत सम्पन्न गर्नको लागि नेपाल सरकार, भूमि व्यवस्थापन तथा अभिलेख विभागसंग समझदारी पत्रमा फाइनान्सको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार घिमिरे र नेपाल सरकार, भुमि व्यवस्थापन तथा अभिलेख विभागको तर्फबाट महानिर्देशक शिवप्रसाद रेग्मीले हस्ताक्षर गरेका छन् ।

यस सम्झौता पश्चात् धितो बन्धकको रोक्का तथा फुकुवा सम्बन्धि सम्पूर्ण कार्यहरू अनलाईन मार्फत संस्थाले नै गर्न सकिनेछ । उक्त सुविधा यस फाइनान्सको केन्द्रिय कार्यालय मार्फत नेपाल अधिराज्य भरमा रहेको सम्पूर्ण शाखा कार्यालयहरूको समेत गर्न सकिनेछ । यो संगै फाइनान्सका ग्राहकले कर्जा उपभोग गर्दा छिटो छरितो तथा सहज रूपमा सेवा प्राप्त गर्न सक्नेछन् ।

समृद्धि फाइनान्स लिमिटेडले डिजिटल वित्तीय सेवा विस्तार गर्दै नयाँ प्रविधिहरू मार्फत ग्राहक सन्तुष्टिमा केन्द्रित सेवाहरू प्रदान गर्ने लक्ष्य लिएको छ ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल १३ वटा शाखाहरू मार्फत कारोबार गर्दै आएको छ भने आर.टि.जि.एस., आइपीएस, कनेक्ट आइपीएस, रेमिटान्स, क्लियरिंग लगायतका बैंकिग र मोबाइल बैंकिग, डेबिट कार्ड, क्यू.आर कोड जस्ता अत्याधुनिक डिजिटल सुविधाहरू प्रदान गर्दै आइरहेको छ ।

# नेप्सेमा सामान्य अंकको सुधार

■ प्रभाव संवाददाता

**काठमाडौं–** अघिल्लो चार कारोबार दिन निरन्तर घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य अंकको सुधार देखिएको छ । नेप्से परिसूचक आठ दशमलव ७८ अंकले बढेर दुई हजार ७१२ दशमलव ८६ बिन्दुमा कायम भएको हो ।

तीन सय ३५ कम्पनीको ७७ लाख ३४ हजार १२ कित्ता शेयर ६२ हजार २५ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४३ करोड ९० लाख ६८ हजार ३९२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

जीवन बीमा शून्य दशमलव १०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६३, म्युचुअल फन्ड शून्य दशमलव ४४ र अन्य समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । विकास बैंक शून्य दशमलव ०४, वित्त शून्य दशमलव १२, होटल तथा पर्यटन ०५, लघुवित्त शून्य दशमलव २१ र निर्जीवन बिमा समूह शून्य दशमलव १२ प्रतिशतले घटेको नेप्सेले जनाएको छ ।

# अन्नपूर्ण क्षेत्रमा नौ महिनामा साढे दुई लाख विदेशी पर्यटक

■ प्रभाव संवाददाता

**गण्डकी–** प्रसिद्ध भ्रमण गन्तव्य अन्नपूर्ण संरक्षण क्षेत्रमा गत साउनदेखि चैतभित्रमा दुई लाख ५१ हजार १८८ विदेशी पर्यटक भित्रिएका छन् । सबैभन्दा बढी चैतमा ६५ हजार २४२ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका हुन् । सबैभन्दा कम साउनमा ११ हजार ८२४ पर्यटक आएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ ।

भदौमा १६ हजार २७६, असोजमा ३० हजार ५४७, कात्तिकमा ३५ हजार ९५४, मङ्सिरमा १४ हजार ९४१, पुसमा २९ हजार ९८०, माघमा १६ हजार ६१२ र फागुनमा २९ हजार ८१२ पर्यटक भित्रिएका हुन् । गत नौ महिनामा भित्रिएका कुल पर्यटकमध्ये एक लाख ५१ हजार ६८ जना दक्षिण एसियाली मुलुकका र बाँकी अन्य मुलुकका रहेका आयोजना कार्यालयका प्रमुख डा. रविन कडरियाले बताए । असोजबाहेक सबै महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा यस वर्ष पर्यटक बढेको उनको भनाइ छ ।

'आव २०८१/८२ को चैतमा जम्मा ४४ हजार ९७७ पर्यटक आएका थिए, चालु आवको चैतमा उक्त संख्या बढेर ६५ हजार २४२ पुगेको छ', प्रमुख डा. कडरियाले भने, 'आव २०७९/८० देखि नै पर्यटक आगमनको दर बढ्दै आएको छ, अन्य देशको तुलनामा भारतीय पर्यटकको संख्या धेरै छ ।'

जाडो र वर्षातको याममा पर्यटक आगमन घटे पनि मुख्य पर्यटकीययाम असोज-कात्तिक र चैत-वैशाखमा पर्यटकको संख्या बढ्ने गरेको उनको भनाइ छ । सडकमार्ग भएर अन्नपूर्ण क्षेत्रमा विभिन्न पर्यटकीय गन्तव्यस्थलको भ्रमण गर्ने पर्यटकको सङ्ख्या पनि सोही याममा बढी हुने गरेको छ । मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडकमार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेको प्रमुख डा. कडरियाले बताए ।

आयोजना कार्यालयले अन्नपूर्ण क्षेत्रको भ्रमण गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरेको छ । सडकमार्ग भएर मुस्ताङलगायतका गन्तव्यमा पुग्ने आन्तरिक पर्यटकको सङ्ख्या पनि बर्सेनि बढ्दो छ । अन्नपूर्ण चक्रीय पदमार्ग विश्वभरका पर्यटकको रोजाइमा पर्ने गरेको छ । आयोजना कार्यालयको तथ्यांकअनुसार आव २०७९/८० मा एक लाख ७२ हजार १०८, आव २०८०/८१ मा दुई लाख २२ हजार १८० र आव २०८१/८२ मा दुई लाख ७८ हजार ११३ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका थिए ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्यक पर्यटकको रोजाइमा पर्ने गरेको छ ।

कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडाको सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र हिमशृंखलासहितका आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, हावापानी, स्थानीयवासीको आतिथ्यता र सेवा सुविधाका हिसाबले विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा चिनिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ